जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ९४ • २०८३ साल भाद्र ६ गते शनिबार (22 August, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## भएन रिट दर्ता, महाधिवेशन सहभागी नहुन आह्वान

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले छुट्टाछुट्टै पेश गरेको रिट सर्वोच्च अदालतमा शुक्रबार दर्ता भएन । देउवा र खड्काले कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिले आगामी असोजमा आयोजना गराउन लागेको पार्टीको १५ औँ महाधिवेशनको प्रक्रिया रोक्न माग गर्दै रिट दर्ता गराउन गएका थिए।

दिउँसो खाजा समय पछि पेश गरिएका छुट्टाछुट्टै रिट शुक्रबार अध्ययन नसकिएको भन्दै सर्वोच्च प्रशासनले दर्ता गरेन । तर, अदालतका एक कर्मचारीले दिएको जानकारी अनुसार रिट दर्ता नहुनुको कारण अर्कै छ।

स्रोतले जनाए अनुसार शुक्रबार सर्वोच्च अदालतमा प्रधानन्यायाधीश डा.मनोज शर्मा र मुख्य रजिस्टार विमल पौडेल थिएनन् । महत्वपूर्ण रिट रहेको र प्रशासनको प्रमुख र प्रधानन्यायाधीश नै नभएकाले दर्ता नगरिएको स्रोतले बताए।

सर्वोच्च प्रशासनले रिट पेश गर्नेहरूलाई सोमबार आउन भनिएका छ। देउवा र खड्काले वारेस मार्फत रिट सर्वोच्चमा पुर्‍याएका थिए। देउवाको वारेस कांग्रेस नेता दीपक खड्का र खड्काको वारेस अधिवक्ता श्रवणकुमार रहेका थिए। रिटमा उत्प्रेषणको आदेश माग गरिएको छ।

### मधेशमा बढ्दो जोखिम

# जापानी इन्सेफलाइटिसः सप्तरी र पर्सामा तीनको मृत्यु, जोखिममा धनुषा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा जापानी इन्सेफलाइटिस (जेई) संक्रमणको जोखिम बढ्दै गएको छ। सप्तरी र पर्सामा संक्रमण पुष्टि हुनुका साथै उपचारका क्रममा संक्रमितको मृत्यु भएपछि प्रदेशमा रोगको जोखिम थप गम्भीर बनेको छ । पछिल्लो डेढ महिनामा नेपालभर जेई संक्रमणबाट कम्तीमा २१ जनाको मृत्यु भएको र ५९ जना संक्रमित भएको तथ्यांकले पनि यसको फैलावट चिन्ताजनक रहेको देखाएको छ।

मधेश प्रदेशमा मात्रै १९ जना संक्रमित भएको र ६ जनाको मृत्यु भएको स्वास्थ्यसम्बन्धी तथ्यांकमा उल्लेख रहेको छ। सप्तरीमा पुष्टि भएका ६ संक्रमितमध्ये दुई जनाको मृत्यु भएको छ भने पर्सामा दुई जनामा संक्रमण पुष्टि हुँदा एक जनाको मृत्यु भएको छ। केही साताअघि मधेश प्रदेशकै अर्को जिल्लामा समेत जेई संक्रमित भेटिएको थियो।

उपचारका क्रममा मृत्यु भएका सप्तरीका दुई जनामा जापानी इन्सेफलाइटिस संक्रमण पुष्टि भएको छ । तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीका ७४ वर्षीय सत्यनारायण यादव र राजगढ गाउँपालिका-३ नर्घोका १४ वर्षीय शिवकुमार रामको उपचारका क्रममा गत असार २० गते मृत्यु भएको छ।

यादवको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र रामको गोल्डेन अस्पताल विराटनगरमा उपचार भइरहेको थियो। उनीहरूको मेरुदण्डको तरलता (सीएसएफ) परीक्षणका लागि पठाइएको नमुनाबाट जेई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सप्तरीका जनस्वास्थ्य अधिकृत वीरेन्द्रप्रसाद साहले जानकारी दिए।

साहले दिएको जानकारी अनुसार सप्तरीमा यसअघि थप तीन जनामा पनि जेई संक्रमण पुष्टि भएको थियो। डाक्नेश्वरी नगरपालिकाका दुई जना र महादेवा गाउँपालिकाका एक जनामा




संक्रमण देखिएको थियो। संक्रमितमध्ये एक महिला पनि रहेको उनले बताए। उनीहरू उपचारपछि निको भएर घर फर्किसकेका छन्।

डाक्नेश्वरीका एक संक्रमितको गोल्डेन अस्पताल र अर्काको कोशी अस्पताल विराटनगरमा उपचार भएको थियो भने महादेवाका संक्रमितको छिन्नमस्ता अस्पताल राजविराजमा उपचार गरिएको थियो।

संक्रमण पुष्टि भएका स्थानमा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रतिनिधिसहित स्वास्थ्यकर्मीको टोली पुगेर स्थलगत अनुगमन गरेको साहले बताए । उनले हाल थप नयाँ संक्रमित नभेटिएको बताए । वर्षायाममा लामखुट्टेको प्रजनन बढ्ने भएकाले घरवरिपरि पानी जम्न नदिन तथा लामखुट्टेको टोकाइबाट बच्न उनले आग्रह गरेका छन्। पर्सामा दुई जनामा जेई संक्रमण पुष्टि भएको छ। संक्रमितमध्ये एक जनाको काठमाण्डुमा उपचारका क्रममा गत साता मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय पर्साका सूचना अधिकृत जयमोद ठाकुरले जानकारी दिए। अर्का संक्रमितको वीरगञ्जमै उपचार भइरहेको छ।

पर्सामा १४ जना शंकास्पद बिरामीको परीक्षण गरिएकोमा दुई जनामा जेई पुष्टि भएको छ । तीमध्ये एक जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ । ठाकुरले जेई संक्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल रोग भएको बताए। विशेषगरी क्युलेक्स जातका लामखुट्टेले संक्रमित सुँगुर तथा पानीमा बस्ने चराचुरुंगीबाट भाइरस लिएर मानिसलाई टोक्दा संक्रमण हुन सक्छ । मानिसबाट मानिसमा भने सामान्यतया यो रोग सर्दैन।

जेई संक्रमण गम्भीर हुँदा उच्च ज्वरो, टाउको दुख्ने, बान्ता हुने, घाँटी अररो हुने, बेहोस हुने, कम्पन तथा झट्का आउनेजस्ता लक्षण देखिन सक्छन् । गम्भीर संक्रमण भएका बिरामीमा मृत्युको जोखिम उच्च हुने र बाँचेकामध्ये केहीमा दीर्घकालीन स्नायु तथा शारीरिक समस्या देखिन सक्ने स्वास्थ्य विज्ञहरू बताउँछन्।

सप्तरी र पर्सासँगै धनुषामा समेत जेई संक्रमणका बिरामी भेटिएका छन् । मधेश प्रदेशका विभिन्न जिल्लामा संक्रमण देखिएपछि जोखिमयुक्त क्षेत्रमा निगरानी, परीक्षण र रोकथामका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने स्वास्थ्यकर्मीहरू बताउँछन्।

विशेषगरी नियमित खोपबाट छुटेका बालबालिका तथा जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समयमै खोपको पहुँचमा ल्याउनुपर्ने देखिएको छ । पछिल्ला तथ्यांकले जेई बालबालिकामा मात्र सीमित नरहेको र वयस्कसमेत यसको जोखिममा रहेको देखाएको छ।

यस वर्ष नेपालमा जेई संक्रमणको मृत्यु दर करिब २५ प्रतिशत पुगेको स्वास्थ्यसम्बन्धी तथ्यांकले देखाएको छ। झापामा पुष्टि भएका १० संक्रमितमध्ये ६ जनाको मृत्यु भएको छ। पर्सा, नवलपरासी र इलाममा पनि संक्रमितको मृत्यु भएको छ । कैलाली, मोरङ, सुनसरी, दाङ र धनुषालगायत जिल्लामा समेत संक्रमण पुष्टि भएको छ।

गत वर्ष जेईबाट मृत्यु भएकामध्ये ठूलो हिस्सा ४० वर्षभन्दा माथिका व्यक्तिको थियो भने संक्रमितमध्ये १५ वर्षभन्दा माथिका मानिसको संख्या पनि उल्लेख्य थियो । त्यसैले संक्रमण बढी देखिएका मधेशका जिल्लालाई केन्द्रमा राखेर वयस्कका लागि समेत खोप अभियान सञ्चालन गर्ने सम्भावनाबारे सरकारले अध्ययन र छलफल अघि बढाउनुपर्ने स्वास्थ्य क्षेत्रका जानकारहरू बताउँछन्।

# अग्रगामी मोर्चाको मधेशस्तरीय बैठक सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित दलसहित नौ घटक राजनीतिक दल सम्मिलित 'अग्रगामी मोर्चा'को मधेश प्रदेशस्तरीय बैठक जनकपुरधाममा सम्पन्न भएको छ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा शुक्रबार सम्पन्न बैठकले अग्रगामी मोर्चाको संगठन विस्तार र आगामी राजनीतिक गतिविधिबारे विभिन्न निर्णय गरेको छ।

सो बैठकले घटक दलहरूको प्रतिनिधित्व रहने गरी मधेश प्रदेश समन्वय समिति गठन गरेको छ । यसका साथै प्रदेशको आठवटै जिल्लामा जिल्ला समन्वय समिति गठन गर्ने जिम्मेवारीसमेत विभिन्न घटक दललाई बाँडफाँट गरिएको बताइएको छ।

सो निर्णयअनुसार भदौ १० गतेसम्ममा मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा जिल्ला समन्वय समिति गठन गरी सक्नु पर्ने जनाइएको छ।

यसका लागि सप्तरीमा जनमत पार्टी, सिरहामा बहुजन एकता पार्टी, महोत्तरीमा नेपाल जनमुक्ति पार्टी, सर्लाहीमा नागरिक उन्मुक्ति पार्टी, रौतहटमा आम जनता पार्टी, बारामा जसपा नेपाल र आजपा, धनुषामा जसपा नेपाल एवं पर्सामा प्रगतिशील लोकतान्त्रिक पार्टीलाई जिम्मेवारी दिइएको बताइन्छ।




सो मोर्चाले संगठन विस्तार तथा जनपरिचालनलाई तीव्रता दिन दुईवटा ठूला क्षेत्रीय भेला गर्ने निर्णयसमेत गरेको बताइएको छ।

भदौ २७ गते जनकपुरधाममा मधेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका प्रतिनिधि सहभागी हुने गरी संयूक्त क्षेत्रीय भेला आयोजना गरिने जनाइएको छ।

त्यस्तै, रौतहट, बारा र पर्सालाई समेटेर असोज ३ गते वीरगन्जमा बृहत् क्षेत्रीय भेला आयोजना गर्ने निर्णय भएको छ।

सो बैठकले हालै सिरहाका गणेश यादवको प्रहरीको गोली प्रहारबाट मृत्यु भएको र बाराकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको जनाइएको छ।

सो मोर्चाले दुबै घटनाका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारलाई तत्काल न्याय र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न दोषीमाथि कडा कानुनी कारबाही गर्न सरकारसंग मागसमेत गरेको छ।

सो मोर्चामा जसपा नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल जनमुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टीलगायत दलको सहभागिता रहने जनाइएको छ।

# मधेशमा अधिवेशन नहुनुको कारण पत्ता लगाउन अडिट समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेश प्रदेशमा पार्टीको अधिवेशन हुन नसक्नुका कारण पत्ता लगाउन अडिट समिति गठन गरेको छ। काठमाण्डुमा शुक्रबार पार्टी मुख्यालयमा बसेको केन्द्रीय समिति बैठकले सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा समिति गठन गरेको जनाएको छ।

सो समितिमा मधेश प्रदेशबाहेकका केन्द्रीय सदस्यहरू सदस्य रहेका छन् । समितिले मधेश प्रदेशमा अधिवेशन हुन नसक्नुका कारणसंगै त्यससंग सम्बन्धित सम्पूर्ण गतिविधिको अध्ययन तथा अडिट गर्ने भएको छ। सो समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र मधेश प्रदेशमा अधिवेशनको प्रक्रिया अघि





बढाउने रास्वपाले जनाएको छ।

रास्वपाले मधेश प्रदेशको सात जिल्लामा विभिन्न कारणले जिल्ला अधिवेशन गर्न सकेको छैन। जिल्ला अधिवेशन हुन नसक्दा प्रदेश अधिवेशनसमेत तोकिएको समयमा सम्पन्न हुन सकेको छैन । मधेश प्रदेश अधिवेशन कहिले हुने भन्ने विषय अझै अनिश्चित रहेकै अवस्थामा पार्टीले अडिट समिति गठन गरेको छ।

यसैबीच सो बैठकले 'राइट टु रिकल' अवधारणासम्बन्धी अध्ययन गर्न महामन्त्री विपीनकुमार आचार्यको नेतृत्वमा ११ सदस्यीय समिति गठन गरेको छ। सो समितिका अन्य सदस्य महामन्त्री आचार्यले थप गर्नेछन्। उनले शुक्रबार नै इच्छुक नेताहरूलाई समितिमा सहभागी हुन आह्वान गरेका छन्।

रास्वपाको विधानको भाग २० मा निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउन सकिने व्यवस्था भए पनि त्यसको कार्यान्वयन प्रक्रिया स्पष्ट रूपमा व्याख्या गरिएको छैन । जनप्रतिनिधिले जनअपेक्षाविपरीत वा पार्टीको हितविपरीत काम गरेको प्रमाणसहित लिखित उजुरी परेमा तथा अनुशासन आयोगले कार्यसम्पादन अत्यन्त कमजोर वा गम्भीर विचलन भएको प्रतिवेदन दिएमा 'राइट टु रिकल' प्रक्रिया अघि बढाउन सकिने व्यवस्था विधानमा छ।

सभापति रवि लामिछानेले 'राइट टु रिकल'को अभ्यास सुरुवातमा पार्टीभित्रै कार्यान्वयन गर्ने र सम्भव भएसम्म क्रमशः राज्यको नीतिमा समेत समावेश गर्ने धारणा बैठकमा राखेका थिए।



# सीमामा आधुनिक प्रविधिले निगरानी बढाइने



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल र भारतबीच सीमामा निगरानी बढाउन आधुनिक प्रविधि प्रयोग गरिने दुवै देशबीच सहमति भएको छ।

नेपाल-भारत सीमा व्यवस्थापन संयुक्त कार्यदलको शुक्रबार भारतको देहरादुनमा सम्पन्न बैठकबाट सीमा हुने अपराधिक गतिविधिलाई दृष्टिगत गर्दै संवेदनशील स्थानमा आधुनिक प्रविधि प्रयोग गरेर सुरक्षा निगरानी बढाउने सहमति भएको हो।

कार्यदलको १४औं बैठकको निर्णयबारे गृह मन्त्रालयले भनेको छ, 'सीमा क्षेत्रका संवेदनशील स्थानहरूमा आधुनिक तथा नवीनतम प्रविधि (सीसीटीभीलगायत आधुनिक उपकरण) प्रयोगबाट सुरक्षा निगरानी बढाउन दुबै पक्षबीच सहमति भयो।'

बिहीबार सुरु भएको कार्यदलको बैठकमा दशगजा क्षेत्रको अतिक्रमण, एकीकृत जाँच चौकीको पूर्ण सञ्चालन र उपयोगलगायतका विषयमा पनि छलफल भएको थियो।

'बैठकमा दशगजा क्षेत्रको अतिक्रमण र अनाधिकृत प्रयोगमा नियन्त्रण, एकीकृत जाँच चौकीको पूर्ण सञ्चालन र उपयोग एवं पारस्पारिक कानुनी सहायता महत्त्वपूर्ण सीमा व्यवस्थापनका विषयमा घनिभूत छलफल भयो,' गृह मन्त्रालयले भनेको छ।

यस्तै, दुवै देशका नागरिकहरूको सीमापार आवगमनलाई सहज बनाउने, सीमा नाका हुँदै आवगमन गर्ने तेस्रो मुलुकका नागरिकको सहजीकरण र निगरानी संयन्त्रलाई सुदृढ पार्ने, विपद् व्यवस्थापन र नेपाल भारत जिल्लास्तरीय समन्वय बैठकहरूलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।

बैठकको नेतृत्व नेपालबाट गृहमन्त्रालयका सहसचिव आनन्द काफ्ले र भारतका तर्फबाट गृहमन्त्रालयका संयुक्त सचिव पौसुमी वासुले गरेकी थिइन्। कार्यदलको १५ औं बैठक दुबै पक्षको अनुकुल मितिमा नेपालमा हुने तय गरिएको छ।

## आत्महत्याको डर लाग्दो अवस्था

# तीन वर्षमै मधेशमा ३ हजार २७२ ले गरे आत्महत्या

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आत्महत्याको डर लाग्दो अवस्था छ। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ को असार मसान्तसम्म प्रदेशका आठ जिल्लामा गरी ३ हजार २७३ जनाले आत्महत्या गरेका छन्।

आत्महत्या गर्नेमा एक हजार २७५ पुरुष, एक हजार २३० महिला, ६०८ बालिका र १६० बालक रहेका छन्। तथ्यांकले आत्महत्याका घटना समग्रमा घट्दो क्रममा देखिए पनि बालबालिकासहित आत्महत्या गर्नेको संख्या अझै उच्च रहेकाले यसलाई गम्भीर सामाजिक तथा जनस्वास्थ्य समस्याका रूपमा लिनुपर्ने देखिएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा आत्महत्या गर्नेको सङ्ख्या ७५२ रहेको छ। यसमध्ये २७१ पुरुष, २९१ महिला, २८ बालक र १६२ बालिका रहेका छन्। आर्थिक वर्ष २०८१/८२ मा एक हजार २५० जनाले आत्महत्या गरेका थिए। उक्त वर्ष ४६७ पुरुष, ४७३ महिला, ६५ बालक र २४५ बालिकाले आत्महत्या गरेका थिए।

आर्थिक वर्ष २०८०/८१ मा भने सबैभन्दा बढी एक हजार २७१ जनाले आत्महत्या गरेका थिए। त्यसमध्ये ५३७ पुरुष, ४६६ महिला, ६७ बालक र २०१ बालिका थिए।

तीन वर्षको अवधिमा जिल्लागत रूपमा हेर्दा सर्लाहीमा सबैभन्दा बढी ५१६ जनाले



आत्महत्या गरेका छन्। त्यसपछि सिरहामा ५०१, धनुषामा ४८३, रौतहटमा ४२६, बारामा ३८०, महोत्तरीमा ३४५, सप्तरीमा ३२३ र पर्सामा २९९ जनाले आत्महत्या गरेका छन्।

बालबालिकासम्बन्धी तथ्याङ्क पनि उत्तिकै चिन्ताजनक छ। तीन वर्षमा आत्महत्या गर्ने ७६८ बालबालिकामध्ये ६०८ बालिका र १६० बालक रहेका छन्। जिल्लागत विवरणअनुसार रौतहटमा मात्रै तीन वर्षको अवधिमा ११५ बालिकाले आत्महत्या गरेका छन्।

आत्महत्या न्यूनीकरणका लागि रोक्न विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिदैं आएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकाल बताउँछन्। उनका अनुसार गत आर्थिक वर्षमा प्रदेशका आठवटै जिल्लामा आत्महत्या न्यूनीकरणसम्बन्धी ८८ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

यद्यपि प्रहरीको प्रयास मात्र पर्याप्त नरहेको उनको भनाई छ। आत्महत्या न्यूनीकरणका लागि परिवार, नागरिक समाज, महिला समूह, स्थानीय तहका न्यायिक समिति तथा अन्य सरोकारवाला निकायले समेत सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यक रहेको उनले बताए।

मधेशमा तीन वर्षको अवधिमा तीन हजारभन्दा बढीले आत्महत्या गरेको तथ्यांकले आत्महत्या न्यूनीकरणका लागि प्रहरीका जनचेतनामूलक कार्यक्रमसँगै मानसिक स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, पारिवारिक सहयोग तथा समुदायस्तरका कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएको छ।

# ट्याक्टरको ठक्करबाट युवतीको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामा ट्याक्टरको ठक्करबाट एक युवतीको मृत्यु भएको छ। मृत्यु हुनेमा गोडैता नगरपालिका-५ की २३ वर्षकी गुरिया कुमारी रहेकी छन्।

मलंगवा नगरपालिका-८ स्थित नेपाल बैंक चोक अगाडि ज १त ५२४६ नम्बरको ट्याक्टरले पैदलयात्री कुमारीलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा डीएसपी वेदप्रसाद गौतमले जनाएको छ।

नगरपालिका चोकबाट राजश्री चोकतर्फ जाँदै गरेको उक्त ट्याक्टरले सोही दिशातर्फ पैदल हिँडिरहेकी कुमारीलाई ठक्कर दिँदा उनको टाउकोमा गम्भीर चोट लागेको थियो। बिहीवार दिउंसो घाइते कुमारीलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। तर, शुक्रवार बिहान १०:२२ बजे चिकित्सकले उनलाई उपचारको क्रममा मृत्यु भएको घोषणा गरेका थिए।

ट्याक्टर र चालक गोडैता नगरपालिका-११ निवासी १७ वर्षीय अजय साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। चालकसँग चालकअनुमति पत्रसमेत नरहेको प्रहरीले जनाएको छ।

# रास्वपाको सचिवालय विस्तार



**टुडे समाचारदाता**

काठमाण्डू। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो सांगठनिक संरचनालाई थप सुदृढ र गतिशील बनाउन केन्द्रीय सचिवालय विस्तार गरेको छ। पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा शुक्रबार सम्पन्न केन्द्रीय समिति बैठकले महत्वपूर्ण निर्णय गर्दै सचिवालयलाई विस्तार गरेको हो।

यस विस्तारसँगै रास्वपाको केन्द्रीय सचिवालय अब १८ सदस्यीय पुगेको छ। बैठकले परराष्ट्रमन्त्री शिशिर खनाल, संसदीय दलका उपनेता गणेश पराजुली, पूर्वमहामन्त्री कवीन्द्र बुर्लाकोटी, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, लिमा अधिकारी, दीपकराज बोहरा, समीक्षा बाँस्कोटा, शिव नेपाली, इन्दिरा रानामगर र मनिष झासहितका नेताहरूलाई सचिवालयमा समेटेको छ।

यसअघि गत साउन १३ गते बसेको केन्द्रीय समिति बैठकले ५ सदस्यीय सचिवालय गठन गरेको थियो। रास्वपाको पार्टी विधानअनुसार सभापति रवि लामिछानेले बढीमा ३३ जनासम्मलाई सचिवालय सदस्यमा मनोनीत गर्न सक्ने प्रावधान रहेको छ। यस किसिमको सांगठनिक सुदृढीकरणले आगामी राजनीतिक तथा निर्वाचन केन्द्रित गतिविधिहरूलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

# जनताप्रति सरकार गम्भीर नरहेको ढुँगानाको आरोप

**टुडे समाचारदाता**

काठमाण्डू । वर्तमान संघीय सरकार जनताप्रति जिम्मेवार नरहेको नेपाली कांग्रेसका सांसद आनन्दप्रसाद ढुंगानाले आरोप लगाएका छन्। शुक्रबार राष्ट्रिय सभामा 'प्रादेशिक समय'मा बोल्दै उनले सरकारको कार्यशैलीका कारण देश सरकारविहीन र अभिभावकविहीनताको अवस्थामा पुगेको आरोप लगाए।


सुरुमै उनले बारामा तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनाको निन्दा गरे। अनि सरकार कहाँ छ भनेर प्रश्न उठाए। संसदमा जनताका समस्या निरन्तर उठिरहे पनि त्यसको जवाफ दिन सरकार तयार नदेखिएको उनले आरोप लगाए। उनले भने, 'सरकार कहाँ छ ? सरकार के गरिरहेको छ भन्न धेरै नै गाह्रो भइसक्यो।'

सरकार जिम्मेवार बन्न नसकेको उनको आरोप छ। 'सरकार गैरजिम्मेवार बनेको छ। कुनै कुराको जवाफ दिइराखेको छैन', उनले भने, 'यहाँ विषय उठाएर केही होला जस्तो लाग्दैन। किनभने सरकार जिम्मेवारी भएन। सरकारले आफ्नो जिम्मेवारी नै बुझेन।'

'जनताले सरकारलाई किन चुनेर पठाएको हो ? के कारणले मन्त्री बने ? मन्त्रीले के गर्नुपर्छ ?' भन्ने कुराको जिम्मेवारी सम्बन्धित व्यक्तिहरूले बुझ्न नसकेको उनले टिप्पणी गरे। 'यसले गर्दा आज देश सरकारविहीन, अभिभावकविहीन र अनाथ भएको अवस्थामा छ,' ढुंगानाले भने।

संसदीय अभ्यासमा आफूहरूले धेरै पटक विषय राखेको, तर मन्त्रीहरूले प्रश्नको जवाफ नदिएको गुनासो गरे। जवाफदेही हुनुको साटो मन्त्रीहरू गैरजिम्मेवार अभिव्यक्ति दिएर जिल्ला-जिल्ला हिँडिरहको आरोप लगाए। निर्वाचन क्षेत्रमा जनताले गरेका प्रतिबद्धता पूरा नभएको प्रश्न गर्दा गृहमन्त्रीले 'भोट फिर्ता लेऊ' भनेर जवाफ दिएको स्मरण गराए।

विगतमा ड्रम चलाउने मान्छेहरू, नाच्ने



मान्छेहरू मन्त्री र प्रधानमन्त्री भएकोले अहिलेको सिर्जना भएको उनको भनाइ छ। उनले थपेका छन्, 'म आग्रह गर्न चाहन्छु, सरकार जिम्मेवार बनोस्। पार्लियामेन्टमा उठेका कुराहरू जनताका कुराहरू हुन्। सार्वभौमिक सत्ता सम्पन्न हामीले जनताको लागि लडाईं लडेका हौं।'

गाली गरेर सरकार नचल्ने भन्दै उनले विगत ३५ वर्षको राजनीतिक परिवर्तन र विकासलाई होच्याएर मात्र वर्तमान सरकार सफल नहुने सुझाए। सडक, पुल, विद्यालय, अस्पताल र विश्वविद्यालय निर्माणलगायतका क्षेत्रमा भएका कामको अध्ययन गर्न आग्रह गरे।

वर्तमान सरकारका मन्त्रीहरूले विगतको राजनीतिक संघर्षलाई अवमूल्यन गर्न नहुने आग्रह गर्दै उनले सरकारलाई आफ्ना गतिविधि सुधार गर्न सल्लाह दिए।

विराटनगरको जुटमिलमा आन्दोलन हुँदा मजदुरको पक्षमा लागेका नेताहरू बीपी कोइराला, मोहनमोहन अधिकारी, गिरिजा प्रसाद कोइरालालाई समातेर सरकारले धनकुटाबाट पैदलै काठमाडौँ जेलमा ल्याएर राखेको उनले बताए। त्यसबेला पत्रिका पढ्नका पाइन भनेर अनसन गर्नुपरेको उनले स्मरण गरे।

संघीयता र संविधानप्रति अनावश्यक टिप्पणी नगर्न आग्रह गर्दै उनले चुनाव अगाडि प्रधानमन्त्री बालेनले जनकपुरमा भाषण गर्दा आफू संघीयताको पक्षधर भएको बताएको स्मरण गरे। तर रास्वपाको महाधिवेशनमा प्रदेश सभा खारेज गर्ने प्रस्ताव प्रस्तुत भएको र पारित भए अगाडि बढेको बताए।

# भुतनाथ मन्दिरमा चोरी, एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका-४स्वर्गद्वारीस्थित भुतनाथ मन्दिरबाट चोरी आरोपमा धनुषा प्रहरीलेएक जना पक्राउ गरेका छन्। घटनामा संलग्न अर्का व्यक्ति भने फरार भएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहीबार राति करिब १:३० बजे मन्दिरभित्र प्रवेश गरी बहुमूल्य धातु तथा मूर्ति चोरी गरी भाग्ने क्रममा भारत बिहारको मोतिहारी जिल्ला, इनरवा फुलबार थाना, लखौरा-७ का २६ वर्षीय मोतिफर रहमान मियाँ पक्राउ परेका हुन्।

प्रहरीका अनुसार चोरहरूले मन्दिरको छिटकनी तोडेर भित्र प्रवेश गरेका थिए। उनीहरूले महादेवको मूर्तिमा रहेको जलहरी र ठूलो मुकुटसँगै आसपासका अन्य मूर्तिमा रहेका चारवटा मुकुट तथा नागदेवताको मूर्ति चोरी गरेका थिए। चोरी



गरिएका सामग्री कम्बलमा बाँधेर मन्दिरबाट बाहिरिने क्रममा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए।

सूचना पाएलगत्तै प्रहरी घटनास्थल पुगेको थियो। करिब १० देखि १५ मिनेटभित्र प्रहरी पुगेपछि एक जनालाई नियन्त्रणमा लिन सफल भएको हो।

प्रहरीका अनुसार पक्राउ परेका मियाँलाई थप अनुसन्धानका लागि हिरासतमा राखिएको छ। घटनामा संलग्न भई पर्खाल नाघेर फरार भएका अर्का व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ।

जनकपुरधाममा पछिल्लो समय घर, पसल तथा विभिन्न व्यवसायिक प्रतिष्ठान चोरीको निशानामा पर्दै आएका बेला धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेका मन्दिरमा समेत चोरीको घटना बढेपछि सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको छ।

# मिर्चैयामा घरबाट लाखौको चोरी

**टुडे समाचारदाता**

मिर्चैया। सिरहाको मिर्चैया नगरपालिका-७ स्थित एक टोलमा गएराति एक घरमा चोरी भएको छ। चोरले घरबाट करिब १२ तोला सुन, ३० तोला चाँदी र १ लाख ५० हजार रुपैयाँ नगद चोरी गरेको पीडित परिवारले जनाएको छ।

पीडित राजीव रञ्जन यादवका अनुसार रातिको समयमा घरमा प्रवेश गरेका चोरले घरमा रहेका सुनचाँदीका गरगहना तथा नगद रकम लिएर फरार भएका हुन्। घटनाबारे जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरीले घटनास्थलको मुचुल्का उठाउनुका साथै चोरीमा संलग्न व्यक्तिको खोजी तथा घटनाको अनुसन्धान अघि बढाएको जनाएको छ। मिर्चैयामा पछिल्लो समय चोरीका घटना दोहोरिन थालेपछि स्थानीयवासीमा त्रास बढेको बताइएको छ।

स्थानीयका अनुसार नगरपालिकाका विभिन्न वडामा पछिल्लो समय एक दर्जनभन्दा बढी घरमा चोरीका घटना भएका छन्। केही घटनामा संलग्न व्यक्ति पक्राउ परे पनि चोरीका घटना पूर्णरूपमा नियन्त्रणमा आउन नसकेको स्थानीयको गुनासो छ।

रातिको समयमा शंकास्पद व्यक्तिको आवतजावत बढेको भन्दै स्थानीयले प्रहरी गस्ती प्रभावकारी बनाउन, संवेदनशील क्षेत्रमा निगरानी बढाउन र श्रृंखलाबद्ध चोरीमा संलग्न समूहको पहिचान गरी कारबाहीको माग गरेका छन्।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | साथीभाईसंग भेट हुँदा मन प्रसन्न रहनेछ। |
| **वृष :** | दिगो फाइदा हुने काममा लगानी बढाउन सकिनेछ। टाढाको यात्रा गर्ने मौका छ। |
| **मिथुन :** | व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ। |
| **कर्कट :** | सोचेको भन्दा आम्दानी बढ्ने देखिन्छ। |
| **सिंह :** | सामाजिक मानसम्मान र प्रतिष्ठा बढ्नेछ। नयाँ काम गर्ने अवसर मिल्नेछ। |
| **कन्या :** | परोपकारी काममा रुची बढ्नेछ। |
| **तुला :** | सहयोगीहरुको काममा साथ दिनेछन्। अँाटेका काम पनि सजिलै बन्नेछन्। |
| **वृश्चिक :** | आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला। |
| **धनु :** | रोकिएका अधुरा कामहरु सुचारु हुनेछन्। |
| **मकर :** | समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ। |
| **कुम्भ:** | सुखदुखमा साथ दिनेहरु प्रशस्तै भेटिने छन्। |
| **मीन:** | व्यवसायमा थप लगानी बढाउने सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपलब्धिहरू सार्वजनिक



काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा कार्यालय मातहतका विभिन्न निकायबाट पछिल्लो एक सातामा भएका मुख्य काम र उपलब्धिहरू सार्वजनिक गरिएको छ । आज यहाँ आयोजित नियमित साप्ताहिक 'मिडिया ब्रिफिङ'मा कार्यालयका प्रवक्ता एवम् सहसचिव हेमराज अर्यालले कार्यालयका मुख्य कार्यसम्पादन सार्वजनिक गर्नुभयो ।

उहाँका अनुसार सरकारले यस अवधिमा सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३ स्वीकृत गरिएको छ । सार्वजनिक निकायमा प्रयोग हुने सफ्टवेयरको विकास, स्तरोन्नति तथा आवश्यक मर्मत सम्भार समेतका कार्य गरी सार्वजनिक निकायबाट हुने सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रलाई नीतिगत मार्गदर्शन गर्न र केन्द्रको कार्यलाई सुपरीवेक्षण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय मामिला हेर्ने सचिवको अध्यक्षतामा ६ सदस्यीय समिति गठन गर्ने व्यवस्था रहेको छ ।

यस अवधिमा नीति अनुसन्धान प्रतिष्ठानले तयार पारेका आठ वटा प्रतिवेदनहरूलाई विज्ञ तथा आन्तरिक समीक्षाका लागि पठाइएको छ । जसमा ' विद्यालयको पाठ्यक्रममा लैङ्गिक सवाल र घरेलु हिंसा, कसुर तथा सजाय', 'नेपालमा विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको क्षमता अभिवृद्धि र व्यवस्थापन प्रणालीको सुदृढीकरण : एक रणनीतिक अध्ययन' लाई प्रतिष्ठानको प्रकाशन पुनरावलोकन तथा सिफारिस समितिमा आन्तरिक समीक्षाका लागि तथा ' पिछडिएको वर्गको पहिचानका आधारहरू निर्धारणसम्बन्धी अध्ययन' प्रतिवेदन विज्ञ समीक्षाका लागि पठाइएको छ ।

साथै 'विपन्न खस-आर्यको पहिचानका आधारहरू', 'राष्ट्रिय आवास नीति, २०६८ को समीक्षा : नेपालको बदलिँदो सामाजिक-आर्थिक परिवेशका सन्दर्भमा नीतिगत मार्गदर्शन', 'सामाजिक सुरक्षा प्रणालीको एकीकरणका लागि सुझावहरू', 'नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र त्यसको कार्यान्वयन' र 'नेपालमा फर्केका आप्रवासीहरूको पुनःएकीकरण : पुँजी, ज्ञान र सीपको सदुपयोग'सम्बन्धी प्रतिवेदनहरूलाई भने आन्तरिक र विज्ञ दुवै समीक्षाको प्रक्रियामा लगिएको छ ।

प्रवक्ता अर्यालका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय मन्त्रालयबाट नागरिकले तत्कालै अनुभूति गर्ने ६५ वटा कार्यक्रम सञ्चालन गर्न सबै मन्त्रायहरूलाई अवधारणापत्रको मस्यौदा उपलब्ध गराइएको छ । उक्त मस्यौदा सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन र परिष्कृत गरी कार्यान्वयन गर्न/गराउनु पर्नेछ ।

उहाँका अनुसार पछिल्लो एक सातामा प्रधानमन्त्री वालेन्द्र शाहसँग मन्त्री तथा मुख्यसचिवले चालु आर्थिक वर्षमा मन्त्रालयहरूले हासिल गर्नुपर्ने कार्यसम्पादन सूचक, मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने मुख्य क्रियाकलाप, अनुगमनको विधिसहित कार्यसम्पादन सम्झौता गरिएको हो । उहाँका अनुसार प्रधानमन्त्रीसँग मुख्य सचिवले पनि चालु आवका लागि कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।

यसरी भएका सम्झौताको प्रधानमन्त्रीले नियमित अनुगमन गर्नुका साथै मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका निर्णय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनलाइन प्रणालीमार्फत प्राप्त हुने वार्षिक कार्ययोजनको मासिक तथा वार्षिक प्रतिवेदन एवम् सोको समीक्षा समेतका आधारमा गरिने प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

त्यसैगरी गत साता प्रधानमन्त्री शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले २०८३ भाद्र २ गते शिष्टाचार भेटवार्ता गर्नुभएको उहाँको भनाइ छ । प्रवक्ता अर्यालका अनुसार यस अवधिमा मलसम्बन्धी अध्ययन गरी देखिएका समस्याहरूको अल्पकालीन र दीर्घकालीन समाधानसहितको विकल्प सिफारिस गर्न यस कार्यालयका सहसचिवको संयोजकत्वमा १२ सदस्यीय अध्ययन कार्यदल गठन भएको छ । उक्त समितिमा कृषि, वन तथा पर्यावरण मन्त्रालय र मातहतका निकाय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय लगायत सम्बन्धित निकायहरूका पदाधिकारीहरू सदस्य हुनुहुन्छ ।

कार्यालयले हालै स्वदेशी वस्तुको प्रयोगसम्बन्धी सबै सरकारी कार्यालयमा परिपत्र जारी गरेको छ ।

जसमा स्वदेशी उत्पादनको प्रवर्द्धन, स्थानीय सीप तथा उद्यमको संरक्षण, रोजगारी सिर्जना र आयात प्रतिस्थापन गर्ने उद्देश्यले सरकारी निकायमा हुने खरिद तथा प्रयोगमा नेपाली उत्पादनलाई प्राथमिकता दिन आवश्यक देखिएकोले सरकारी निकायहरूले कार्यालय प्रयोजन, बैठक, समारोह, कोसेली, उपहार, सजावट तथा अन्य उपयुक्त प्रयोजनका सम्भव भएसम्म नेपाली हस्तकलाका वस्तु प्रयोग गर्ने उल्लेख छ ।

साथै कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रले काठमाडौँ उपत्यकामा मात्रै २९ वटा निकायहरूको अनुगमन गरेको छ । जसमा २५७ जना कर्मचारीले समय पालना नगरेको र ४५ जनाले तोकिएको पोशाक नलगाएको पाइएकोले कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिइएको जनाइएको छ ।

गण्डकी प्रदेशका विभिन्न जिल्लामा सूक्ष्म अनुगमन तथा निगरानीका लागि स्थलगत रूपमा टोली परिचालन गरी स्वास्थ्य बीमा र निःशुल्क औषधिको खरिद तथा वितरणमा पारदर्शिता कायम भए/नभएको विषयमा सूक्ष्म अध्ययन भइरहेको छ । त्यसैगरी विभिन्न सरकारी कार्यालयमा आचारसंहिता पालना गरे/नगरेको अनुगमन गर्दा १०० भन्दा बढी कर्मचारीहरूले कार्यालय समय पालना गरेको नपाइएकोले कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । रासस

# कांग्रेस मधेश प्रदेश सभापतिको जिम्मेवारी उपसभापतिलाई



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेशका सभापति एवं प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले कार्य बोझ बढेको भन्दै पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति चन्द्रेश्वरकुमार यादवलाई दिएका छन् ।

मुख्यमन्त्रीका रूपमा आफ्नो व्यस्तताले कार्य बोझ बढ्दा पार्टी संगठनका नियमित गतिविधि तथा कार्यसमितिको कामलाई निरन्तरता दिन उपसभापति यादवलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको कांग्रेस मधेश प्रदेश प्रचारप्रसार समितिका संयोजक नितिशकुमार गुप्ताले जानकारी दिएका छन् ।

सभापति यादवले कांग्रेस विधान २०७६ को ११औँ संशोधनसहितको धारा १३ को उपधारा १०(ड) बमोजिम कार्यवाहक सभापतिको जिम्मेवारी दिएका हुन् ।

कार्यवाहक सभापतिको जिम्मेवारी पाएसँगै यादवले सभापतिको अनुपस्थितिमा प्रदेश कार्यसमितिका नियमित कामकारबाही, संगठनात्मक गतिविधि तथा आवश्यक निर्णय प्रक्रियालाई पार्टीको विधान, नियमावली र स्थापित पद्धतिअनुसार अघि बढाउनेछन् ।

मुख्यमन्त्रीको जिम्मेवारीसँगै प्रदेश सरकारका काममा व्यस्त हुनुपर्ने अवस्था रहेकाले पार्टी संगठनको काम प्रभावित नहोस् भन्ने उद्देश्यले कार्यवाहक सभापतिको जिम्मेवारी तोकिएको कांग्रेसले जनाएको छ ।

# लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक सम्पन्न



दाङ । लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को १५औँ बैठक आज सम्पन्न भएको छ । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले रोल्पामा मनसुनजन्य विपद्बाट जनधनको ठूलो क्षति भएकाले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको हो ।

बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले विपद् प्रभावित क्षेत्रमा खानेपानी, सडक पूर्वाधार तथा सिँचाइका समस्या समाधान गर्न सम्बन्धित मन्त्रालय र मातहतका निकायलाई सक्रिय रूपमा परिचालन गर्न निर्देशन दिनुभयो । उहाँले प्रदेश सरकारले गर्नुपर्ने काममा कुनै कमी हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

रोल्पामा विपद् भएपछि तत्काल खोज तथा उद्धारमा सक्रियताका साथ काम गरिएको भन्दै मुख्यमन्त्री आचार्यले सुरक्षा निकायका साथै जनप्रतिनिधि, राजनीतिक दलका नेता, कार्यकर्ता, समाजिक अभियानकर्तालगायत सबैलाई धन्यवाद दिनुभयो । उहाँले मनसुन अझै नसकिएकाले भदौको अन्तिमसम्म ठूलो वर्षा हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर सबै सरकारी निकायलाई पूर्वतयारी अवस्थामा बस्न निर्देशन दिनुभयो । सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी र प्रतिकार्य योजना प्रभावकारी बनाउन पनि उहाँले निर्देशन दिनुभयो ।

रोल्पामा यस वर्षको मनसुनजन्य विपद्का घटनाबाट, थवाङ गाउँपालिकामा १२ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता र दुई जना घाइते भएका छन् । सुनछहरी गाउँपालिकामा छ जनाको मृत्यु भएको छ । लुङ्ग्री र परिवर्तन गाउँपालिकामा एक-एक जनाको मृत्यु भएको तथ्याङ्क प्राप्त भएको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयका सचिव भरतमणि पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार चार स्थानीय तहका ११ परिवार विपद्बाट विस्थापित भएका छन् ।

यसैबीच, आजको बैठकले रोल्पामा सडक र पुल मर्मतका लागि रु ५० लाख रकम निकासा गर्ने निर्णय गरेको छ । रोल्पाको थबाङ गाउँपालिका-५ स्थित उवा खोलामाथिको पुलको एकातर्फी विङ्वाल (पुलको दुवै छेउमा बनाइने पर्खाल) बाढीले बगाएको, सडकमा ठूलो खाल्डो परेर सडक आवागमन अवरुद्ध भएकाले पुल र सडकको तत्काल मर्मत तथा संरक्षणका लागि रु ५० लाख निकासा गर्ने निर्णय भएको मन्त्रालयका सचिव पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार सुलिचौर-थबाङ सडकका विभिन्न भागसमेत क्षतिग्रस्त भएकाले तत्काल मर्मत तथा सुरक्षा आवश्यक रहेकाले सडक पूर्वाधार विकास कार्यालय, रोल्पामार्फत उक्त रकम खर्च गरिनेछ ।

बैठकले सुस्तापश्चिमको सुस्ता गाउँपालिका-५ स्थित नारायणी नदीपारिको सुस्ता क्षेत्रमा नदी कटान रोक्न तथा बाढीको जोखिम न्यूनीकरणका लागि रु २५ लाख निकासा गर्ने निर्णय गरेको छ । प्रदेश विपद् व्यवस्थापन कोषबाट जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय नवलपरासी-९ बर्दघाट (सुस्तापश्चिम) मार्फत उक्त रकम खर्च गरिनेछ ।

आज प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकमा प्रस्तुत विवरणअनुसार लुम्बिनी प्रदेशमा गत जेठ १८ गतेदेखि भदौ ३ गतेसम्म मनसुनजन्य विपद्का ९१ वटा घटना भएका छन् । ती घटनामा ८५ को मृत्यु, १३ घाइते र दुई जना बेपत्ता भएका मन्त्रालयका सचिव पाण्डेले जानकारी दिनुभयो । रासस

# राष्ट्रियसभाको बहस, सरकार संसद्प्रति जवाफदेही हुनुपर्छ



काठमाण्डु । राष्ट्रियसभाका सांसदहरूले सरकार संसद्प्रति जिम्मेवार र जवाफदेही हुनुपर्नेमा जोड दिनुभएको छ । सभाको शुक्रबारको बैठकमा प्रादेशिक विषयमा धारणा राख्दै नेपाली कांग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानाले सार्वभौम सांसदले उठाएका जिज्ञासाको सरकारले उत्तर दिनुपर्ने र जिम्मेवारीबाट पन्छिन नहुने बताउनुभयो ।

"संसद्मा सोधिएका प्रश्नहरूको जवाफ दिनका लागि सरकार तयार हुनैपर्दछ", उहाँले भन्नुभयो, "संसद् सार्वभौम जनताबाट निर्वाचित थलो भएकाले हाम्रा प्रश्न जनताकै हुन् ।" नेपाली कम्युनिष्ट पार्टीका सांसद विष्णुबहादुर विश्वकर्माले लगानीकर्तामा विश्वासको वातावरण कायम नहुँदा अहिले सेयर बजारमा पुँजी पलायन हुने समस्या देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "शेयरबजार बढ्ने समयमा उल्टै ओरालो लाग्नु सोचनीय विषय हो । यसतर्फ सरकारको गम्भीर ध्यानाकर्षण होस् ।"

नेपाल कम्युनिष्ट पार्टी( एमाले) का सांसद रुक्मिणी कोइरालाले संविधान जारी भएको १० वर्षभइसक्दा पनि संविधानबमोजिम तीन वर्षभित्र बन्नुपर्ने कानुन बन्न नसकेको टिप्पणी गर्नुभयो । उहाँले सङ्घीय सरकारले प्रदेशलाई अधिकार प्रत्यायोजन नगर्दा अहिले समस्या देखिरहेको बताउनुभयो । जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले साउन महिनामा मात्र करिब ७० हजार नागरिक वैदेशिक रोजगारीका लागि विदेशिएको उल्लेख गर्दै बाध्यताले वैदेशिक रोजगारमा जानुपर्ने अवस्था अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद जगत तिमिल्सिनाले विश्वविद्यालय सुधारको आवश्यकता औँल्याउँदै स्वायत्त विश्वविद्यालय निर्माणमा सरकारको ध्यान जानुपर्ने बताउनुभयो । विश्वविद्यालयमा हुने नियुक्तिमा 'मेरिटोक्रेसी' कायम गर्दै पारदर्शिता र संस्थागत विश्वसनीयता सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाली कम्युनिष्ट पार्टीका सांसद श्रीकृष्णप्रसाद अधिकारीले देशभर बाढीपहिरोबाट विस्थापित नागरिकको पुनःस्थापना तथा राहतको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो । उहाँले बागमती प्रदेश कृषि, पर्यटन र जलविद्युत्को प्रचुर सम्भावना बोकेकाले प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक पर्यटनको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताउनुभयो ।

एमालेका सांसद रेखाकुमारी झा प्रदेश सरकार गठन भएको लामो समय बितिसक्दा पनि महत्त्वपूर्ण अधिकार सङ्घीय सरकारमै केन्द्रित रहँदै आएकाले त्यसलाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारलाई जिम्मेवारी दिए पनि प्रशासनीक, आर्थिक अधिकार खुम्चिएकाले केन्द्रीय सरकारमै निर्भर हुनुपर्ने विडम्बना रहेको उहाँले सुनाउनुभयो । रासस

# हेलो सरकार र सतर्कता केन्द्रद्वारा चार यातायात कार्यालयमा अनुगमन



काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका सतर्कता केन्द्र र हेलो सरकारको संयुक्त टोलीले शुक्रबार चारवटा यातायात व्यवस्था कार्यालयमा अनुगमन गरेको छ । अनुगमन टोलीले ती कार्यालयको सेवा प्रवाहको अवस्थाबारे जानकारी लिनुका साथै सेवा क्षेत्र सुदृढीकरणका लागि आवश्यक समन्वय तथा सहजीकरण गरेको हो ।

हेलो सरकार कार्यालयका उपसचिव कृष्ण सापकोटाका अनुसार आज कङ्लकी, चावहिल, राधेराधे र एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय पुगेर सेवाग्राहीका समस्या समाधानमा सहजीकरण गरिएको हो । "विशेषगरी सवारी चालक अनुमतिपत्र (लाइसेन्स)सहितका सेवासम्बन्धी हेलो सरकारमा गुनासो बढेपछि हेलो सरकार र सतर्कताको टोलीले संयुक्त रूपमा अनुगमन तथा समन्वय गरेको हो", उहाँले भन्नुभयो ।

उक्त टोलीले कार्यालयमा सेवाग्राहीले भोगिरहेका समस्या, सूचना प्रणालीको प्रयोगको अवस्था तथा सेवा प्रवाहमा देखिएका अवरोध पहिचान गरी आवश्यक सहजीकरण गर्नेछ । अनुगमनका क्रममा प्रणालीमा देखिएका समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ । प्रणालीसँग सम्बन्धित प्राविधिक समस्या देखिएमा कार्यक्षेत्रमा खटिएको टोली र सूचना प्रविधि समूहबीच समन्वय गरी समाधानको पहल गरिने उहाँको भनाइ छ ।

अनुगमनका क्रममा सेवाग्राहीको आवेदन स्वीकृत भए/नभएको, राष्ट्रिय परिचयपत्र (एनआइडी) प्रमाणीकरण नभएका सेवाग्राहीका लागि 'म्यानुअल' प्रक्रियाबाट छपाइ गर्न सकिने व्यवस्था कार्यान्वयन भए/नभएको तथा विभागबाट जारी भएका सम्बन्धित परिपत्रअनुसार काम भए/नभएको हेरिएको थियो ।

त्यस्तै, सम्बन्धित मन्त्रिस्तरीय निर्णयअनुसार 'ड्राइभिङ रजिस्ट्रेसन' (सवारी चालक अनुमतिपत्र आवेदन)मा सेवाग्राही आबद्ध भए/नभएको, लिखित परीक्षा तथा ट्रायल परीक्षाको कम्तीमा १५ दिनअघिको कार्यतालिका तयार गरी सार्वजनिक तथा प्रणालीमा प्रविष्ट गर्ने गरिएको छ/छैन भन्ने विषय पनि अनुगमनको प्राथमिकतामा राखिएको छ ।

उपसचिव सापकोटाका अनुसार लिखित र ट्रायल परीक्षाको अग्रिम १५ दिनको कार्यतालिका सार्वजनिक गरी सेवाग्राहीलाई पूर्वसूचना दिनुपर्ने भए पनि केही कार्यालयमा त्यसको प्रभावकारी कार्यान्वयन नभएको पाइएको छ । सम्बन्धित कार्यालयलाई अबदेखि अग्रिम कार्यतालिका सार्वजनिक गर्न लगाइने उहाँले बताउनुभयो ।

यसैगरी, सूचना प्रविधिमा अभ्यस्त नभएका, अशक्त तथा असहाय सेवाग्राहीलाई कार्यालय परिसरबाहिर निजी व्यक्तिमार्फत फाराम भराउने नाममा ठूलो रकम असुलिएको गुनासोलाई पनि अनुगमनको विषय बनाइएको थियो ।

यस्ता सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउन कार्यालय परिसरभित्रै सहायता केन्द्र वा हेल्पडेस्क स्थापना गरी सञ्चालन गर्न निर्देशन दिइएको थियो ।रासस

# रेशम चौधरीको मुद्दा "हेर्न नमिल्ने" सूचीमा

**टुडे समाचारदाता**

काठमाण्डू । तीन तहकै अदालतबाट टीकापुर हत्याकाण्डको मुद्दामा दोषी ठहर भई जन्मकैदको सजाय पाएका रेशम चौधरीलाई आममाफी दिने तत्कालीन सरकारको निर्णय विरुद्ध परेको मुद्दा 'हेर्न नमिल्ने' सूचीमा सर्वोच्च अदालतले राखेको छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नृपध्वज निरौलाको संयुक्त इजलासमा पेसी तोकिएको थियो । साढे दुई वर्षदेखि सुनुवाइ हुन नसकेको रेशमको माफी विरुद्धको रिट अग्राधिकारमा राखेर सुनुवाइका लागि पेसी तोकिएको थियो ।

टीकापुर नरसंहारमा चौधरीलाई दोषी ठहर गरेकोमा कैद सजाय पूरा नहुँदै राष्ट्रपतिबाट कैद सजाय छुट दिएपछि सो उपर शारदा बोहरा कडायतले मुद्दा दर्ता गरेकी थिइन् । शारदा सो घटनामा परी मारिएका प्रहरी निरीक्षक केशव बोहराकी पत्नी रहेकी छिन् ।

टीकापुर हत्याकाण्डका मुख्य योजनाकारका रूपमा रेशमविरुद्ध कैलाली जिल्ला, दिपायल उच्च अदालतले गरेको जन्मकैदको फैसलालाई सर्वोच्च अदालतले २०७९ जेठ २ गते मात्रै सदर गरेको थियो । तर, गणतन्त्र दिवसका अवसरमा सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले कैद सजाय छुट माफी दिए पछि उनी २०७९ जेठ १५ गते डिल्लीबजार कारागारबाट रिहा हुन पुगेका थिए ।



कैद सजाय छुट नदिएको भए चौधरी २०९४ सालसम्म जेलमा नै बस्नु पर्ने थियो ।अदालतको फैसला अनुसार थप १४ वर्ष जेल बस्नु पर्नु भए पनि आममाफी पछि सो कैद मिनाहा भएर उनी निस्कन सफल हुन पुगेका हुन् ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले चौधरीलाई रिहा गरिदिए पछि असन्तुष्टि जनाउँदै बोहरा पत्नी शारदा सर्वोच्च अदालत गएकी हुन् ।

नयाँ संविधान जारी हुन अगाडि थरुहट प्रदेशको माग गर्दै भएको आन्दोलनले हिंसात्मक रूप लिँदा कैलालीको टीकापुरमा २०७२ भदौ ७ गते एक बालकसहित सात सुरक्षाकर्मीसहित आठ जनाको बीभत्स हत्या गरिएको थियो ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मेरो प्यारो भाइ ।।

सानो भाइ मेरो प्यारो, घरको मीठो फूल,
उसको हाँसो देखेपछि, हराउँछ मनको शूल।
कहिले गर्छ रमाइलो, कहिले गर्छ झगडा,
उसकै मीठो बोलीले, खुशी हुन्छ मन सधैं बढ्दा।
दुःख पर्दा साथ दिने, सुखमा हाँस्ने साथी,
भाइ जस्तो प्यारो नाता, हुँदैन संसारमा माथि।
मायाको यो बन्धन हाम्रो, रहोस् सधैं महान्,
भाइ मेरो जीवनभरि, बनोस् खुशी र धनवान्।
उसको सपना ठूलो होस्, सफलता होस् साथ,
खुशीले भरियोस् जीवन, उज्यालो बनोस् बाट।
भगवान्सँग यही प्रार्थना, राखूँ मनमा आज,
मेरो प्यारो भाइको जीवन, बनोस् फूलझैं साज।



**नामः रश्मी दनुवार**
**ठेगानाः कानेपोखरी-५, मोरङ्ग**

## ।। रक्षाबंधन ।।

गिताके दु गो भाई छलै एगो के नाम रमेश और दोसर के नाम महेश छलै महेश कनि धनिक रहै और रमेश कनि गरीब रहै गिता धनिक भाई महेश जरे मात्रे आन जान करै छलै और गरिब भाई जरे ओते आन जान नै रहै ।
रक्षाबंधन के समय यैलै गिता भाई घरे राखी बान गेलै बाट मे गरिब भाई रमेश भेटलै रमेश कहलकै दिदी राखि बान यैले चल हमरा घरे राखि बाइन दे ? लेकिन गिता कहै छै जो तो तोरा कुछ नै छौ धन संमपत्ति हम महेश भाईके राखी बान जाई छी हट हमरा रस्ता सँ ई बात सुइ रमेश दुखी भेलै गीता महेश भाई घरे राखी बान गेलै ।
गिता महेश घरे गेल भाईके सोर कैलक भई आइल बाहर देखलक बहिन गिता के कहलक केना हौ बौवा केना छे तो कत यैलेग ? गिता कहलक तोरा नै थाह हौ आई राखीबंधन छै तोरा राखी बान यैलिग ला हाथ राखी बाइन दैइ छियौ गिता महेश के राखि बाइन देलक और गिप्ट मगलक तब महेश गिप्टमे दश हजार रुपैया देलक ततबे बेरमे महेश के घर बालि आईब पैसा गिता के हाथ सँ छिन लेलक और कहलक ई पाई हम अपना बच्चा सबके स्कूल के फिस के लागि रखने छी यहाके नै देब यहाँ राखी बनलि त्य लेल एक हजार लु ई बात सँ गिताके मन बहुत दुखी भेल गिता फेर दोसर भाई रमेश घर गेल रमेश बहिन के देख बहुत खुसी भेल कहलक ले दिदी खाना खो और हमरा राखी बाइन दे ? गिता रमेशके राखि बनलक तेकरा बाद कहलक ले हम जाई छि यौ रमेश तब रमेश कहैय गे दिदी तोपन गिप्ट त ले रमेश घरबाली के कहलक दिदी के गिप्ट लाइब दियौ गिप्टमे सारी जिजा लेल सट पैन्टके कपडा भैगना भैगनी लेल कपडा और १५ हजार रुपैया दक दिदी गिता के बिदाइ कैलक ई सब देख गिता ठोइक पाइर कान लागल और कहलक रमेश हम सोचै छलियौ तो गरिब छे हमरा कि देबे त्य लेल तोरा पैरा मे देखलियौ त तोरा राखि नै बाइन महेश भाई घरे गेलि राखा बान लेकिन महेश भाई दश हजार देलक त ओकर घर बालि पाई छिन लेलक लेकिन तो अते मान समान कैले अते लत्ता कपडा पाई देले हम सोचने नै रही
हम सब दिदी बहिन सँ अतबे कहब कि रक्षाबंनधन त्योहार भाई बहिनक पबित्र पाबैन छै भाई सबके गरिब देख भेदभाव नै सोचि खुशीके साथ रक्षा बंनधन त्योहार मनाउ ।



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। रक्षा बन्धन ।।

रक्षाको डोरी बाँध्दै, दिदी-भाइको प्यार,
मायाले भरिन्छ आज, मनको संसार।
रङ्गीचङ्गी राखीले, सजिन्छ हात,
मिठो हाँसो छर्दैमा, रमाइलो दिनको साथ।
दिदीले राखी बाँध्छिन्, शुभकामना दिँदै,
भाइले माया साट्छ, खुशी मनमा लिँदै।
मिठाईको स्वादसँगै, बढ्छ माया अपार,
रक्षा बन्धन ल्याउँछ, सम्बन्धमा बहार।
सुखमा होस् वा दुःखमा, साथ नछुटोस् कहिल्यै,
दिदी-भाइको पवित्र माया, नमेटियोस् कहिल्यै।
राखीको यो बन्धनले, जोडोस् मन र मन,
सधैं रहोस् अमर हाम्रो, पवित्र सम्बन्ध।



**लेखक : बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। संकल्प ।।

जाग उठा सबेरा हुआ
सो गया शरीर मृत अवस्था मै पाया
सपने देखे हजार पानेको बहुत कुछ हे ख्वाब
निरन्तर चलना हे करम पथ पर
कोइ बने जोगी कोइ फकिर
कोइ बने संस्कारी कोइ कुविचारी या फरियादी
कुछ पाने कि आश कुछ खोनेका एहसास
अपनो के लिए जिना सिखाते
दुसरो के लिए जान छिडकते
कितने बाराती मे सामेल
कितनी जनाजे मे हाजिर
दोनो अलग रुप एक खुशी के दुसरा गमके सागर
उमर पुरा जिनेका सभिके ख्वाब
कम उमर मे भि बहुते मानव अजिज नाम कर गए हे
भगत सिंह से लेकर स्वामी विवेकानन्द
भीम से लेकर सुशान्त सिंह तक हे अजीज
हम सबके दिलो के करिब
शरीर मरते हे उससे पहले मन मुरझा जातेहे
मन तरंग को हमेशा हँस्ते हँसाते रहना चाहिए
अपनी एक छेत्रमे पारंगत होकर दुनिया से अलविदा होना चाहिए
जाग उठा सबेरा हुवा
सो गया शरीर मृतावस्थामे पाया
साँसे चल रहि थि
दिल धडक रहाथा
सुबह कि इन्तजार हे
कुछ नँया करनेको मन मचल रहाहे



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। को आनो, को पराई ।।

यो दुनियाँमा आफ्नो को हो,
पराई को हो–कसरी थाहा हुन्छ र?
सबै आफ्नै जस्ता लाग्छन्,
जब जीवनमा सुखको घाम हुन्छ।
तर एकदिन जब दुःखले ढोका ढकढकाउँछ,
आँखाबाट आँसु चुपचाप बगाउँछ,
त्यही बेला थाहा हुन्छ–
कसले हात समाउँछ,
र कसले बाटोमै छोडेर जान्छ।
खुसीमा त भीड हुन्छ,
हाँसोमा सबै साथ हुन्छन्,
तर पीडामा एक्लै हुँदा,
आफ्ना भनिएकाहरू पनि टाढा हुन्छन्।
त्यसैले मानिस चिन्न
उसको बोली होइन,
आफ्नो खराब समय हेर्नू–
किनकि दुःखको अँध्यारोमा
जो दीप बनेर बल्छ,
साँचो आफ्नो त्यही हुन्छ।
समयले सबैको मुखौटा उतारिदिन्छ,
दुःखले सम्बन्धको मूल्य बताइदिन्छ,
र जब जीवनले सबैभन्दा ठूलो परीक्षा लिन्छ,
त्यही बेला थाहा हुन्छ–
को आफ्नो रहेछ,
को केवल आफ्नो जस्तो रहेछ।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। निस्वार्थ अनुराग ।।

प्रयासले त ढुङ्गा काटिएला, तर मन काटिँदैन,
बनावटी त्यो मुस्कानभित्र, साँचो खुसी भेटिँदैन।
जसरी फूललाई फुल्नलाई, कुनै तालिम चाहिँदैन,
त्यसैगरी साँचो प्रेमलाई, कुनै सर्त सुहाउँदैन।
ए छोरी, तिम्रो पवित्रता नै तिम्रो प्रेमको धारा हो,
जहाँ करुणा बग्छ निस्वार्थ, त्यही नै संसार सारा हो।
कसैले मागेर पाइने चिज, प्रेम त पक्का होइन,
यो त आफैँभित्र उम्रीने, एउटा दैवी चैन हो।
बजारमा बिकलभ मायाको, यहाँ ठुलै मोल होला,
तर निस्वार्थ बग्ने आँसुको, अर्कै अनमोल झोल होला।
को कस्तो छ, के जातिको छ, प्रेमले कहिल्यै हेर्दैन,
स्वच्छ मुटुले कहिल्यै पनि, घृणाको माला उन्दैन।
झरनालाई सोध त एकपटक, किन उ तलतिरै झर्छ?
किनकि प्रेमको स्वभाव नै, अरुको तिर्खा मेट्नु पर्छ।
प्रयास छोडेर हेर एकदिन, प्रेम त आफैं बग्नेछ,
त्यही दिन यो सारा सृष्टि नै, स्वर्ग जस्तो लाग्नेछ।



**लेखक : घनश्याम कुमार शर्मा**
**जनकपुरधाम**

# 'बा : एक योद्धा'को ट्रेलरमा टुक्रिएको परिवारको कथा




काठमाण्डु । संगीतकारको रूपमा परिचित हरि लम्सालको डेब्यू निर्देशकीय फिल्म 'बा : एक योद्धा'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच साढे २ मिनेट लामो ट्रेलर दर्शकमाझ ल्याइएको हो । ट्रेलरले फिल्मको कथावस्तु संक्षिप्तमा प्रकाश पारेको छ । एउटा खुसीयाली परिवारमा आएको विग्रहको कथा यसमा समेटिएको छ ।

ट्रेलरको केन्द्रमा अभिनेता दिव्यदेव छन् । दुई सन्तानको पिताको भूमिकामा रहेकाले उनले परिवारका लागि गरेको संघर्ष र त्यागलाई मर्मस्पर्शी ढंगले देखाइएको छ । छोरीको बिहेमा लागेको ऋणले कसरी एउटा मध्यमवर्गीय परिवार तहसनहस हुन्छ भन्ने ट्रेलरमा देखाउन खोजिएको छ । समग्रमा ट्रेलर भावनात्मक उतारचढावले भरिएको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर भदौ १९ गतेबाट प्रदर्शन हुने यस फिल्ममा दिव्यदेवसहित झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, सागर खनाल, सुप्रज्ञा शर्मा, शिशिर सिवाकोटी, अनिल बुढाथोकी, चन्द्र नेपाल, करण शाहलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मलाई गायक वसन्त लम्सालले निर्माण गरेका हुन् । उनले यसअघि फिल्म 'कर्मा' बनाएका थिए ।

आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा अनिल बुढाथोकी कार्यकारी निर्माता, अर्जुन पौडेल लाइन प्रोड्युसर र कृष्ण काफ्ले सह-निर्मातामा छन् । फिल्ममा शिवराम श्रेष्ठको छायांकन, मित्र डी गुरुङको सम्पादन, हरि लम्सालको संगीत, सुरेन राईको कोरियोग्राफी, नवीन श्रेष्ठको ध्वनि संयोजन तथा रोमन बज्राचार्यको पार्श्व ध्वनि रहेको छ ।

# असोज २ मा थपियो 'माया बस्छ कि क्या हो !'

काठमाण्डु । आगामी असोज २ गते बक्स अफिसमा त्रिपक्षीय भिडन्त हुने भएको छ । 'झिँगेदाउ २' र 'कार्की साइँला' मात्र भिड्ने तय भएको यो मितिमा अब अर्को फिल्म 'माया बस्छ कि क्या हो !' पनि थपिएको छ । शुक्रबार निर्माण पक्षले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएको हो । यो फिल्म निर्माणको ५ वर्षपछि प्रदर्शन हुन लागेको हो ।





पोस्टरमा फिल्मका मुख्य जोडी सोनाल तामाङ र कस्मता निरौलालाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । यो उनीहरू दुवैको डेब्यू फिल्म हो । पोस्टरले फिल्म जेनजी पुस्ताको प्रेमकथामा आधारित रहेको संकेत गर्छ । फिल्ममा सोनाल र कस्मतासहित नरेन्द्र थापा, रिचा थापा, उपेन्द्र थापा, बेनी ढुंगाना, जेपी पाण्डे, तारा शर्मालगायतका कलाकारहरूको अभिनय छ ।

राजु अधिकारीको निर्देशनमा बनेको फिल्ममा शरद अधिकारी प्रस्तुतकर्ता र बहादुर सिंह तामाङ निर्मातामा छन् । फिल्ममा आरती अधिकारी आचार्यको कथा, मौनता श्रेष्ठको पटकथा तथा संवाद, रविन्द्र बरालको छायांकन, रामप्रसाद चौधरीको सम्पादन, अर्जुन पोखरेलको संगीत तथा कमल राई र रामजी लामिछानेको कोरियोग्राफी रहेको छ ।

जनपुकार मिडिया हाउसको ब्यानरमा निर्माण भएको फिल्मको छायांकन काठमाडौं र चित्लाङसहित बेल्जियम, स्वीजरल्याण्ड र नेदरल्याण्डमा गरिएको छ ।

प्रस्तुतकर्ता अधिकारीका अनुसार दर्शकलाई प्रेमको नौलो आभास गराउन युरोप पुगेर फिल्मको छायांकन गरिएको हो । उनले यसअघि 'ब्ल्याकमेल' र 'डेस्टिनेशन काठमाडौं' लगायतका फिल्म निर्माण गरिसकेका छन् ।

# 'सारथी' मंसिर ११ मा आउने, पोस्टरमा यस्तो देखिइन् निरुता




काठमाण्डु । कुमार गजुरेलको निर्देशनमा बनेको फिल्म 'सारथी' मंसिर ११ गते (२७ नोभेम्बर)बाट प्रदर्शनमा आउने भएको छ । शुक्रबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराइएको हो । पोस्टरमा अभिनेत्री निरुता सिंह काखमा बच्चा लिएर सुमसुमाइरहेकी देखिन्छिन् । यसले फिल्ममा उनी आमाको भूमिकामा रहेको प्रस्ट पार्छ ।

पहाडी भूगोललाई पृष्ठभूमिमा राखिएको पोस्टरमा निरुताले गम्छाले टाउको बाँधेकी छन् । रातो फरिया लगाएकी उनको अनुहारमा पीडाको भाव झल्किएको छ । खुट्टाका औंलाबाट रगत बगेका छन् । उनको हुलियाले आर्थिक अवस्था कमजोर रहेको दुःखी पात्रको संकेत गर्छ ।

निरुताले सामाजिक सञ्जालमा पोस्टर सेअर गर्दै 'सारथी'लाई आफ्नो करिअरको नयाँ अध्याय भनेकी छन् ।

किम्भे प्रोडक्सन र धिरज फिल्म इन्फिनिटीको ब्यानरमा निर्माण भएको फिल्ममा निरुतासहित उत्तम प्रधान, मुकुन्द श्रेष्ठ, राजेन्द्र केसी, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, कल्पना थापा, मदन थापा, सन्तोष ढकाल, आशा विश्वकर्मालगायतका कलाकारहरूको अभिनय रहेको छ । 'दर्पण छायाँ' जोडी निरुता र उत्तमको यो दुई दशकपछिको सहकार्य हो ।

सम्पादकको रूपमा परिचित तारा थापा 'किम्भे' प्रस्तुतकर्ता रहेको फिल्ममा रदीप श्रेष्ठ र प्रदीप रायमाझी निर्माताको रूपमा छन् । कार्यकारी निर्माता बेक बहादुर विश्वकर्मा र नवीन श्रेष्ठ हुन् भने लाइन प्रोड्युसरमा अमीर केसी रहेका छन् । फिल्मको छायांकन संकल्प भुजेलले गरेका हुन् । बाबुल गिरी र प्रशान्त सिवाकोटीले फिल्मका गीतमा संगीत दिएका छन् ।

# रास्वपामा नौ केन्द्रीय सदस्य मनोनित, प्रवक्तामा जगदीश खरेल



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समिति सदस्यमा नौ जनालाई मनोनयन गरेको छ।

पार्टीको शुक्रबार बसेको केन्द्रीय समिति बैठकले सुनिल लम्साल, सुधन गुरुङ, प्रतिभा रावल, भूपदेव शाह, पुरुषोत्तम सुप्रभात यादव, डा मनोहर प्रधान, बसुमाया तामाङ, सुरेन्द्र चौधरी र डा भक्तबहादुर राईलाई केन्द्रीय सदस्यमा मनोनयन गरेको हो।

बैठकले पार्टीका विभिन्न पदाधिकारी तथा विभागीय जिम्मेवारीसमेत तोकेको छ । सहमहामन्त्रीमा पुरुषोत्तम सुप्रभात यादव, कोषाध्यक्षमा डा मनोहर प्रधान, सहकोषाध्यक्षमा बसुमाया तामाङ, प्रवक्तामा जगदीश खरेल(ललितपुर) तथा सहप्रवक्तामा डा नमिता यादव र सुरेन्द्र चौधरीलाई मनोनयन गरिएको महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार पार्टी सचिवालय सदस्यमा गणेश पराजुली, शिशिर खनाल, विराजभक्त श्रेष्ठ, पुरुषोत्तम सुप्रभात यादव, डा मनोहर प्रधान, कविन्द्र बुर्लाकोटी, जगदीश खरेल(ललितपुर), लिमा अधिकारी आचार्य, दीपकराज बोहरा, समीक्षा बास्कोटा, शिव नेपाली, इन्दिरा राना मगर र मनिष झालाई मनोनयन गरिएको छ।

विभागीय जिम्मेवारीतर्फ सङ्गठन विभाग प्रमुखमा प्रमोद न्यौपाने, अन्तरराष्ट्रिय सम्बन्ध विभाग प्रमुखमा शिशिर खनाल, सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभाग प्रमुखमा विजय जैरु, जनस्वास्थ्य विभाग प्रमुखमा डा तोसिमा कार्की, पूर्वाधार विभाग प्रमुखमा निशा डाँगी र अर्थ विभाग प्रमुखमा लिमा अधिकारी आचार्यलाई जिम्मेवारी दिइएको छ। प्रशिक्षण विभागको उपप्रमुखमा कमल सुवेदीलाई तोकिएको छ।

रास्वपाले आगामी स्थानीय निर्वाचनका लागि महामन्त्री आचार्यको संयोजकत्वमा तयार गरिएको 'उम्मेदवार छनोट रूपरेखा-२०८३' लाई बैठकमा प्राप्त सुझावसमेत समेटेर अनुमोदन गर्ने निर्णय गरेको छ।

स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समितिका सदस्य बन्न इच्छुक केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यबाट नामावली माग गर्ने निर्णयसमेत बैठकले गरेको छ।

'राइट टु रिकल' सम्बन्धी दस्तावेज निर्माण गर्न महामन्त्री आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ।

स्थानीय निर्वाचनको तयारीका लागि केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यलाई ४६० गाउँपालिकामा परिचालन गरी उम्मेदवार छनोट रूपरेखालगायत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालनको संयोजन सहमहामन्त्री निशा डाँगीले गर्नुहुनेछ।

बैठकले आगामी असोजदेखि 'स्वतन्त्र' नामक मासिक डिजिटल पत्रिका प्रकाशन गर्ने निर्णयसमेत गरेको महामन्त्री आचार्यले जानकारी दिनुभयो।

मधेसमा जिल्ला तथा प्रदेश अधिवेशन सुरु गर्नुअघि सङ्गठनको अडिट गर्न सहमहामन्त्री हरि ढकालको नेतृत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ। समितिमा मधेसबाहेकका प्रदेशका केन्द्रीय समिति सदस्य रहनेछन्।

रास्वपाको विधानअनुसार सभापति एक, राष्ट्रिय महाधिवेशनबाट निर्वाचित ९९, मनोनित ५१ र पदेन केन्द्रीय सदस्यका रूपमा प्रदेश सभापति सात गरी १५८ सदस्यीय केन्द्रीय समितिको व्यवस्था छ। रासस

# संविधान र संघीयताको पक्षमा नेकपाले खोज्यो राष्ट्रिय प्रतिबद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले संविधान र संघीयताको पक्षमा राष्ट्रिय प्रतिबद्धता आवश्यक रहेको जनाएको छ। यस निम्ति सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी सहित सबै राजनीतिक दल तयार हुनुपर्ने नेकपाले आग्रह गरेको छ।

काठमाण्डुमा शुक्रबार 'संघीयताः संविधान संसोधन र कार्यविस्तृतीकरण' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा संसदीय दलका प्रमुख सचेतक युवराज दुलालले राष्ट्रिय प्रतिबद्धताको आवश्यकताको व्याख्या गरे।



संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति प्रतिबद्ध रहेको सन्देश जनतामा प्रवाह गर्न र जनताको अवस्था परिवर्तनमा दलहरू रहेको बुझाउन नयाँ प्रतिबद्धताको आवश्यकता औंल्याएका छन्।

उनले जनाए अनुसार यो संघीयतामा प्रदेश र स्थानीय तहको काम कारबाहीलाई लिएर जति पनि नकारात्मक प्रश्नहरू सिर्जना भएका छन्, त्यो त्यति सत्य प्रश्न होइनन्।

उनी भन्छन्, 'स्थानीय तहमा भ्रष्टाचार बढ्यो, प्रदेशको भो के काम ? के गर्छ प्रदेशले ? भन्ने जस्ता हल्का टिप्पणीको पछि यदि कोही मान्छे लागेको छ भने उसले प्रदेश र स्थानीय तहको सरकारलाई बुझेकै छैन र त्यहाँ के काम हुन्छ भन्ने कुरा उसलाई थाहा नै छैन भन्ने मेरो बुझाइ छ।'

बरु संघीयतापछि नै देशले विकासको एउटा मार्ग तय गरेको उनले बताए।

यहाँनेर उनले भने, 'संघीयता पछाडि नै संघले पनि ठूला आयोजनाहरूमा केन्द्रित भएर काम गरिरहेछ । प्रदेशले मझौला परियोजनाहरूमा केन्द्रित भएर काम गरिरहेछ भने स्थानीयले स्थानीय विशिष्टताको आधारमा सापेक्षतामा केन्द्रित भएर काम गरेको छ।'

तथापि विकृति, विसंगतिको कुरा तिनै तहमा छ रहेको भनेर उनले सुधार हुनुपर्ने बताए।

यो पृष्ठभुमि राखेर उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति प्रतिबद्ध रहेको र जनताको अवस्था परिवर्तनमा दलहरू रहेको सन्देश प्रवाह गर्न राष्ट्रिय प्रतिबद्धताको आवश्यकता औंल्याएका हुन्।

'हामीलाई एउटा राष्ट्रिय प्रतिबद्धताको आवश्यकता छ,' उनले भने । दुलाल अगाडि कार्यक्रममा पूर्वसाम्सद राधेश्याम अधिकारीले संविधानका मुलभूत विषयमा संसोधन खोज्नु भनेको आठौं संविधान खोज्नु रहेको बताएका थिए।

अधिकारीको भनाइ स्मरण गर्दै नेता दुलालले भने, 'हाम्रो अगाडि आठौं संविधान हो कि यही संविधानको समृद्धीकरण हो त ? हाम्रो अगाडिको यो राष्ट्रिय प्रश्न हो। त्यसमा अहिले जस्तो शक्ति रुलिङ पावरमा आएको छ, त्यो दृष्टिबाट त्यो च्यालेन्ज हो, नेगेटिभली च्यालेन्ज छ। किनभने यो संविधान के हो भन्ने कुरा नै उहाँहरूले बुझ्नुभएको छैन।'

'संविधान फाल्दिउँ ?' भन्ने जस्ता अभिव्यक्ति समेत आएको भन्दै उनले भने, 'कुनै दृष्टिकोण, कुनै अडान कहीं पनि केही पनि छैन सरकारसँग। रुलिङ पार्टीसँगै छैन। सरकारसँग मात्रै होइन, रुलिङ पार्टीकै संविधानप्रतिको दृष्टिकोण के हो ? के गर्नुपर्ने हो, के गर्न नहुने हो, कति सकिने हो, कति नसकिने हो भन्ने कुराको कुनै स्पष्ट दृष्टिकोण नभएको पार्टीको नेतृत्वमा अहिले हामी संविधान संशोधन गर्ने कि नगर्ने ? कति गर्ने भन्ने बहस गरिरहेका छौं। हाम्रा लागि सबैभन्दा ठूलो च्यालेन्ज यही हो।'

यो च्यालेन्जबाट मुक्ति प्राप्त गर्नका लागि उनले राष्ट्रिय प्रतिबद्धताको आवश्यकता औंल्याएका हुन्।

'राष्ट्रिय स्वतन्त्र पार्टीसहित सबै राजनीतिक दलहरूको र सर्वपक्षीय रूपमा एउटा राष्ट्रिय प्रतिबद्धता हामीलाई जरुरी छ, बहस चलाउनुपर्ने यो छ,' दुलालले भने, 'त्यो भनेको के हो भने, हामी व्यवस्था बदल्नेतर्फ छैनौं। हामी यही व्यवस्थालाई सुदृढ गरेर अगाडि लिएर जाने हो। यही संविधानलाई परिस्कृत र समृद्ध बनाएर अगाडि लिएर जाने हो भन्ने राष्ट्रिय धारणा विकास गर्नु आजको आवश्यकता भयो।'

राष्ट्रिय प्रतिबद्धता गरिसकेपछि धेरै विषय प्रष्ट हुने उनको आग्रह छ। यसपछि सहमतिमै आवश्यकता अनुसार संविधान संशोधन गर्न सकिने उनले बताए।

'हामी सिम्पल टु कम्प्लेक्समा गएर संविधानलाई आवश्यकताको आधारमा संशोधन गर्न सक्छौं। संविधान संशोधन आजै नगरी नहुने केही पनि छैन। टङ्कारो आवश्यकता छैन,' दुलाल भन्छन्, 'पहिलो त, कानुनले दिएका अधिकारहरू कार्यान्वयन गर्नु पर्‍यो । कानुनमा जे अधिकारहरू छन्, तीन तहलाई हस्तान्तरण गर्नुपर्ने कार्य विस्तृतीकरणको कुरा आएको छ, त्यो लागु गर्नु पर्‍यो। संविधानले दिएका अधिकार अनुसार प्रदेश र स्थानीयले कानुन बनाएर लागु गर्नु पर्‍यो । त्यो स्टेज पूरा गरिसकेपछि अब पुगेन, अब अनुसूचीमा जाउँ, अरू कुरामा जाउँ भन्ने कुरा हामीले गर्नुपर्ने हो।'

नेकपा नेता दुलालले संविधान कार्यान्वयनका लागि तुलनात्मक रूपमा अलिक बढी पहल लिएको भनेर मधेश प्रदेशलाई धन्यवाद दिए।

'मधेश प्रदेशले संघीयता कार्यान्वयन गर्नलाई एक स्टेप अगाडि पहल लिएकै हो। उसले प्रहरी ऐन बनायो, अरू कुराहरू, ऐनहरू बनायो। संविधानले अधिकार दिएको छ नि, त्यसै बनाएको होइन,' उनले भने।

अन्य प्रदेशको उदाहरण दिँदै उनले भने, 'हामी चाहिँ के गर्‍यौं भने, केन्द्रमा हाम्रो सरकार छ, उहाँहरूले नभनिकन हुँदैन भन्ने। केन्द्रको मुख ताकेर हामी बस्यौं। नेकपाकै कार्यकालमा हुन सक्थ्यो, हुन पर्थ्यो, त्यो भएन। अब प्रहरी समायोजनको कुरा होस्, अरू कुरा होस्।'

दोस्रोपटक प्रचण्ड प्रधानमन्त्री काल स्मरण गर्दै उनले थपे, 'हामी प्रदेशमा थियौं, हामीले धर्ना समेत हामीले गर्‍यौं। त्यो स्थितिमा छौं। प्रदेश प्रहरी समायोजन हुनुपर्छ, नभएदेखि कानुनले दिएको छ, समायोजन नै किन गर्नुपर्‍यो त ? नयाँ ऐन बनाएर भर्ना गरे भइहाल्छ नि! कानुनले त दिएको छ नि । समायोजन त संविधानभन्दा माथि त संघीय कानुन होइन? प्रदेश प्रहरी बनोस् भनिएको छ। भन्ने तहसम्म पनि हामीले छलफल गर्‍यौं।'

अर्थात्, उनका अनुसार अधिकार लिने, प्राप्त गर्ने र अभ्यास गर्ने कुरामा पनि केन्द्रको मुख ताक्ने प्रवृत्ति विद्यमान प्रदेश र स्थानीयमा अझै रहेको छ।

यसरी सहमतिमा अगाडि बढे सहज हुने उनको आग्रह छ। 'आवश्यकताको सिद्धान्तको आधारमा एकदम सरलबाट हामी संविधान संशोधन गर्दै जान सक्छौं। हामी त्यहाँबाट चल्न सक्छौं भने हामीलाई त्यो पनि विकल्प हुन सक्छ,' उनी भन्छन्, 'त्यसकारणले संविधान संशोधन जस्तो नेपालको नक्सामा चुच्चे नक्सा बनाउने कुरामा राष्ट्रिय सहमति भयो, यस्तै कुराहरूबाट हामी जान सक्छौं।'

# उपत्यकाको फोहर व्यवस्थापनबारे उच्चस्तरीय छलफल, सबै पालिकाद्वारा स्पष्ट कार्ययोजना बनाएर अघि बढ्ने प्रतिबद्धता

काठमाण्डु । काठमाण्डु उपत्यकाको फोहरमैला व्यवस्थापनका विद्यमान समस्या, त्यसको समाधान तथा दीर्घकालीन व्यवस्थापनको उपायबारे उच्चस्तरीय अन्तरनिकाय छलफल सम्पन्न भएको छ।

शुक्रबार पूर्वाधार विकास मन्त्रालयमा नुवाकोट क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको अध्यक्षतामा भएको छलफलमा उपत्यकाका विभिन्न पालिकाका प्रमुख, वातावरण विभागका अधिकारी, फोहर व्यवस्थापनसँग जोडिएका सम्बन्धित निकायका प्रमुख, फोहरमैला व्यवस्थापनविज्ञ तथा बञ्चरेडाँडा फोहरमैला व्यवस्थापनस्थलबाट प्रभावित स्थानीयवासीका प्रतिनिधिको सहभागिता थियो।



बञ्चरेडाँडा स्यानिटरी ल्यान्डफिल साइटको वर्तमान अवस्था, त्यहाँ देखिएका समस्या, प्रभावित क्षेत्रका बासिन्दाका गुनासा तथा आगामी कार्यदिशाबारे भएको छलफलले फोहर व्यवस्थापनको जिम्मेवारी स्थानीय तहकै भए पनि दीर्घकालीन समाधानका लागि सङ्घीय सरकार, स्थानीय तह र सम्बन्धित सबै निकायबीच समन्वय आवश्यक रहेको निष्कर्ष निकालेको छ।

सूचना तथा सञ्चारमन्त्री डा तिमिल्सिनाले बञ्चरेडाँडा प्रभावित क्षेत्रका बासिन्दाको समस्या र फोहरमैला व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो। विगतमा फोहर व्यवस्थापनमा समस्या देखिए पनि अब समाधानका लागि सरकार गम्भीरतापूर्वक अघि बढ्ने उहाँको भनाइ थियो।

"नीतिगत तथा व्यवहारगत समस्या समाधानका लागि सरकारले गर्नुपर्ने र गर्न सक्ने सबै प्रयास गर्न तयार छ। फोहर व्यवस्थापनको समस्या समाधानका लागि सङ्घीय सरकार निकै गम्भीर छ । सबै पालिका र निकायले पनि आआफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले संविधान र कानुनले फोहरमैला व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई दिएको उल्लेख गर्नुहुँदै प्रत्येक पालिकाले आफ्नो फोहर आफैँ व्यवस्थापन गर्ने दिशामा अघि बढ्नुपर्ने बताउनुभयो। सङ्घीय सरकारले स्थानीय तहलाई आवश्यक सहजीकरण र सहयोग गर्ने उहाँको प्रतिबद्धता थियो।

उहाँले फोहर व्यवस्थापनका लागि आवश्यक जग्गा प्राप्तिको विषय सङ्घीय सरकारले चाँडो टुङ्ग्याउने प्रतिबद्धता जनाउनुभयो। आवश्यक परे कानुनी व्यवस्था संशोधन गर्नसमेत पहल गरिने र स्थानीय सरकारलाई भाडामा भए पनि जग्गा उपलब्ध गराउने विषयमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो। "जग्गा प्राप्तिसँग सम्बन्धित समस्याको गाँठो फुकाउन सरकार प्रतिबद्ध छ। त्यस्तै, निकै वर्षअघि फोहर व्यवस्थापनका लागि सम्झौता भएर लामो समय मुद्दा मामिलामा अड्किएको नेपवेस्टसँग सम्बन्धित समस्याको गाँठो फुकाउन पनि सरकार प्रतिबद्ध छ। कहाँ कसको जिम्मेवारी हो, कसले के काम गर्नुपर्ने हो र काम गर्दा कहाँ समस्या आएको छ भन्ने पहिचान गरेर यसको 'ब्रेक थ्रु' गर्न सरकार तयार छ", सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो।

नेपाली कम्पनी अर्ग्यानिक भिलेज र फिनल्यान्डको कम्पनी कम्पुनिकेसन ओयको संयुक्त उपक्रम (जोइन्ट भेन्चर) कम्पनी नेपवेस्टसँग भएको सम्झौता र त्यससँग सम्बन्धित मुद्दामामिलाका कारण अहिले काम गर्न गाह्रो भएको स्थानीय तहहरूको भनाइ थियो।

त्यस्तै, उक्त छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले फोहर व्यवस्थापनको समस्या समाधानका नाममा थप जटिलता सृजना गर्ने नभई स्पष्ट कार्यविभाजन र जिम्मेवारीका आधारमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

फोहर व्यवस्थापनको जिम्मेवारी हाम्रै हो, आफैँ गर्छौं : स्थानीय तह

छलफलमा सहभागी स्थानीय तहका प्रमुखले आफ्नो पालिकाको फोहर आफैँ व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउँदै सङ्घीय सरकारबाट आवश्यक सहजीकरणको माग गर्नुभएको छ। काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले फोहर व्यवस्थापनमा विगतमा राजनीति र एकअर्कालाई दोषारोपण गर्ने प्रवृत्ति देखिएको भन्दै अब त्यसो गर्न नहुने बताउनुभयो। उहाँले फोहरको समस्या समाधान गर्दा यसको जरामै पुग्नुपर्ने र स्रोतमा नै फोहर व्यवस्थापनको उपाय खोज्नुपर्ने धारणा राख्नुभयो । उहाँले काठमाडौँ महानगरपालिका फोहर व्यवस्थापनमा जिम्मेवार भएर काम गरिरहेको उल्लेख गर्दै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना आवश्यक रहेको बताउनुभयो। नेपवेस्टसँग सम्बन्धित विषय टुङ्गो लगाउन सके फोहर व्यवस्थापनको काम थप सहज हुने उहाँको भनाइ थियो।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले पनि नेपवेस्टसँग भएको सम्झौता अझै कायम रहेकाले महानगरपालिकाले आफैँ फोहर व्यवस्थापन गर्न नसकेको बताउनुभयो। आफ्नो कार्यक्षेत्रभन्दा बाहिर रहेको उक्त सम्झौता खारेज गर्न आग्रह गर्दै उहाँले आजको बैठकलाई समस्या समाधानको प्रस्थानबिन्दु बनाउन सके स्थानीय तहलाई काम गर्न सहज हुने धारणा राख्नुभयो।

त्यस्तै, बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले नगरपालिकाले आफ्नै फोहर आफैँ व्यवस्थापन गर्न चाहेको भए पनि विभिन्न मुद्दामामिला र अदालतका आदेशका कारण काम अघि बढाउन नसकिएको बताउनुभयो।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले फोहरमैला व्यवस्थापन सबैको साझा दायित्व भएकाले त्यसका लागि आवश्यक आर्थिक तथा अन्य सहयोग गर्न नगरपालिका तयार रहेको बताउनुभयो। उहाँले फोहर प्रशोधनका लागि विभिन्न प्रविधिको प्रयोग गर्न सकिने भन्दै एकीकृत योजना र दीर्घकालीन संयन्त्र आवश्यक रहेको बताउनुभयो।

धुनीबेँसी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्यले फोहर व्यवस्थापनका विषयमा यसअघि पनि विभिन्न सम्झौता भए पनि समस्या समाधान हुन नसकेको बताउनुभयो। ती सम्झौताको पुनरावलोकन गरी आफ्नो पालिकाको फोहर आफैँ व्यवस्थापन गर्ने वातावरण बनाउनुपर्ने उहाँको भनाइ थियो।

कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डङ्गोलले उक्त पालिकाले आगामी छ महिनाभित्र आफ्नै फोहर आफैँ व्यवस्थापन गर्ने योजना कार्यान्वयनमा ल्याउने बताउनुभयो। फोहर व्यवस्थापनका क्षेत्रमा कीर्तिपुरले गरिरहेको अभ्यासबाट अन्य पालिकाले पनि सिक्नुपर्ने उहाँले बताउनुभयो।

दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतले पछिल्लो तीन महिनादेखि फोहर वर्गीकरण गर्न थालिएको र त्यसबाट फोहरको मात्रा घटेको जानकारी दिनुभयो। सबै पालिकाका जनप्रतिनिधिले आफ्नो पालिकाभित्रै फोहर व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुपर्ने उहाँको भनाइ थियो।

सो छलफलमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले फोहर व्यवस्थापनको दीर्घकालीन समाधानका लागि सबै तहले आफ्नो जिम्मेवारी लिनुपर्ने बताउनुभयो। एकले अर्कालाई दोष देखाएर समस्या समाधान नहुने भन्दै उहाँले सबै स्थानीय तह र सम्बन्धित निकायको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो।

छलफलमा काठमाडौँ महानगरपालिकाको वातावरण विभागका प्रमुख सरिता राईले बञ्चरेडाँडा फोहरमैला व्यवस्थापनस्थलको अवस्था र भावी व्यवस्थापनसम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणअनुसार बञ्चरेडाँडा क्षेत्रमा एक हजार ७९२ रोपनी जग्गा अधिग्रहण गरिएको छ । बालाजुबाट करिब २४ किलोमिटरको दूरीमा रहेको उक्त क्षेत्रमा अधिग्रहण गरिएको जग्गाको आधिकारिक साँध-सीमासम्बन्धी कागजात भने काठमाडौँ महानगरपालिकाले अझै प्राप्त गर्न सकेको छैन।

बञ्चरेडाँडा जाने विभिन्न २१ वटा पालिकाको फोहरमध्ये काठमाडौँ महानगरपालिकाको हिस्सा ४८.८ प्रतिशत, ललितपुर महानगरपालिकाको १० प्रतिशत र बूढानीलकण्ठ नगरपालिकाको पाँच प्रतिशत रहेको प्रस्तुतीकरणमा उल्लेख थियो। फोहर व्यवस्थापनलाई विकेन्द्रित मोडलमा लैजाने, सुक्खा फोहर पुनःप्रयोग तथा पुनर्चक्रणका लागि सम्बन्धित पालिकाकै क्षेत्रमा प्रविधि स्थापना गर्ने, कुहिने फोहरबाट प्राङ्गारिक मल तथा ऊर्जा उत्पादन गर्ने र बञ्चरेडाँडामा रिसोर्स रिकभरी प्रविधि स्थापना गर्ने प्रस्ताव छलफलमार्फत अघि सारिएको छ।

त्यस्तै फोहरमैला सङ्कलन तथा ढुवानी सेवालाई प्रभावकारी बनाउने र नागरिकको सेवा सन्तुष्टिमा ध्यान दिने विषयलाई पनि प्राथमिकतामा राखिएको छ । फोहरमैला व्यवस्थापन ऐनले स्थानीय तहलाई आफ्नो फोहर आफैँ व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेकाले सोहीअनुसार स्थानीय तहले योजना बनाउनुपर्नेमा जोड दिइएको छ। बञ्चरेडाँडा फोहरमैला व्यवस्थापनस्थलको पूर्वाधार निर्माणमा हालसम्म रु एक अर्ब चार करोड खर्च भइसकेको र थप रु ५१ करोड ६३ लाख बराबरका ठेक्का चालु अवस्थामा रहेको जानकारी दिइएको थियो । बञ्चरेडाँडा ल्यान्डफिल साइटका कारण ५३९ हेक्टर क्षेत्रका ८७५ घरपरिवार प्रत्यक्ष प्रभावित भएको र ल्यान्डफिल साइटको सीमाबाट तीन किलोमिटरसम्मको क्षेत्र अप्रत्यक्ष रूपमा प्रभावित रहेको जानकारी छलफलमा दिइएको थियो।

प्रभावित स्थानीयवासीले फोहरमैला व्यवस्थापनको समस्या दीर्घकालीन रूपमा समाधान गर्न फोहरमैला विकास प्राधिकरण गठन गर्नुपर्ने माग गरेका छन्। उनीहरूले विगतमा भएका सहमति तथा सम्झौता कार्यान्वयन गर्न, प्रभावित क्षेत्रका समस्या समाधान गर्न र बञ्चरेडाँडामाथिको निर्भरता क्रमशः घटाउन सरकारसँग आग्रह गरेका छन्।रासस

## 'आध्यात्मिक शिक्षाले मानिसलाई स्वस्थ र अनुशासित बनाउँछ'

दमौली । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले आध्यात्मिक शिक्षाले मानिसलाई स्वस्थ र अनुशासित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राख्नुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित मुक्तिनाथ च्यवनधाममा जारी बोलबम धार्मिक महोत्सवलाई आज सम्बोधन गर्दै महामन्त्री पौडेलले पछिल्लो समय युवापुस्तामा पनि आध्यात्मिक शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्नुभयो। उहाँले आध्यात्मिक ज्ञान र संस्कारले व्यक्तिको चरित्र निर्माणसँगै समाजमा सकारात्मक सोचको विकास गर्न सहयोग पुग्ने धारणा राख्नुभयो।

मुक्तिनाथ च्यवनधामलाई धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। च्यवनधामको विकाससँगै प्रचारप्रसार गर्न सके धार्मिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने भएकाले आवश्यक पूर्वाधार निर्माणमा सबै पक्षको सहयोग र सहकार्य आवश्यक पर्ने उहाँको भनाइ छ।

महामन्त्री पौडेलले भन्नुभयो, "आध्यात्मिक शिक्षा वृद्धवृद्धाका लागि मात्र हो जस्तो गरी बुझिएको छ, वास्तवमा यो शिक्षा जीवन पद्धतिसँग जोडिएको विषय हो। यसलाई कसरी व्यवहारमा उतार्ने, के गर्ने र के नगर्ने यसबाट सिक्न सकिन्छ।"

मुक्तिनाथ च्यवनधाममा जारी बोलबम धार्मिक महोत्सव भदौ ८ गतेसम्म सञ्चालन हुनेछ। च्यवनधामका अध्यक्ष अर्जुन लम्सालका अनुसार च्यवनधामको पूर्वाधार विकासका लागि रकम सङ्कलन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। महोत्सवमा धार्मिक अनुष्ठान, पूजापाठ तथा विभिन्न आध्यात्मिक कार्यक्रम सञ्चालन भइरहेका छन्।

# इजरायली बस्ती विस्तारको बढ्दो अन्तरराष्ट्रिय निन्दा: रिपोर्ट



एएफपी। कब्जा गरिएको जेरुसेलमको पूर्वमा एक हजार २३४ वटा बस्तीका एकाइहरू निर्माण गर्ने घोषणापछि कब्जा गरिएको वेस्ट ब्याङ्कमा इजरायलको बस्ती नीतिविरुद्ध अन्तरराष्ट्रिय चेतावनी र निन्दा बढेको छ।

यो घोषणाले प्यालेस्टिनी भूमिमा नयाँ इजरायली नियमहरु लागू गरी प्यालेस्टिनी राज्य स्थापना गर्ने सम्भावनालाई कमजोर पार्ने खतरा बढेको जनाइएको छ।

घोषणाको प्रतिक्रियामा, बेलायती विदेश सचिव एड मिलिब्यान्डले इजरायली निर्णयको निन्दा गर्दै यसलाई अस्वीकार्य र विनाशकारी भएको उल्लेख गर्नु भएको छ। मिलिब्यान्डले दुई-राज्यबीच उत्पन्न गतिरोधको समाधानमा यसको प्रतिक्रियाको चेतावनी दिँदै इजरायली चार्ज डी 'एफेयर्सलाई टेन्डर फिर्ता लिन र सबै प्रकारका बस्ती विस्तार गतिविधि रोक्न माग गर्नुभएको छ। बेलायतले आउँदो हप्ताहरूमा बस्ती विस्तारमा संलग्नहरूमाथि प्रतिबन्धहरू लगाउनेसहित प्रतिबद्धता गरेको छ।

बेलायती निन्दाको समर्थनमा इजरायली उपायप्रति अन्तरराष्ट्रिय प्रतिक्रियाहरू तीव्र भएका छन् भने संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यो योजनाले पूर्ण रूपमा स्वतन्त्र, सार्वभौम र भौगोलिक रूपमा संलग्न प्यालेस्टिनी राज्यको अभियानलाई खतरामा पार्ने चेतावनी दिनु भएको छ।

गत मङ्गलबार, इजरायली एकाइले कब्जा गरिएको जेरुसेलमको पूर्वमा एक हजार २३४ बस्ती एकाइहरूको निर्माणका लागि टेन्डर जारी गर्ने समयसीमा अक्टोबर १९ सम्म तय गरेको थियो। जेरुसेलमले योजनाको कोमल पक्ष मान्यो, जसको उद्देश्य जेरुसेलम र माले अदुमिम बस्तीको बीचमा औपनिवेशिक विस्तार स्थापना गर्नु हो। यो योजनाले जेरुसेलम वरपरको क्षेत्रलाई पुनः आकार दिने र प्यालेस्टिनी आन्दोलनका लागि वैकल्पिक मार्गहरू सिर्जना गर्दै औपनिवेशिक विस्तारलाई सेवा दिन सडक र पूर्वाधारको प्रणाली लागू गर्ने चेतावनी दिएको छ। यस कदममा अगाडि बढ्नाले पूर्वी जेरुसेलमलाई वेस्ट ब्याङ्कको वरपरका क्षेत्रहरूबाट अलग्गै राख्ने र इसाविया, अनाता, अल-जाइम, अल-इजारिया, खान अल-अहमर, जबल अल-बाबा र वादी अल-जमाल नजिकै प्यालेस्टिनी र बेदुइन समुदायहरूमा दबाब बढाउने कुरामा जोड दिएको छ। जसले पहिले नै निर्माण, विध्वंस र भूमि पहुँचमा प्रतिबन्धको सामना गरिरहेको छ। यो टेन्डर इजरायली नियन्त्रणमा रहेको क्षेत्र सीमा अवस्थित वेस्ट ब्याङ्कमा ई-१ भनिने ठूलो इजरायली बस्ती परियोजनाको सन्दर्भमा आएको जनाइएको छ।

यो इजरायली योजनाले वेस्ट ब्याङ्कलाई दुई भागमा विभाजन गरी एक प्यालेस्टिनी राज्यको स्थापना रोक्न र वेस्ट ब्याङ्कमा तीन हजार ४०० बस्ती एकाइहरू निर्माण गर्ने लक्ष्य राखेको छ। योजना कार्यान्वयनका उपायहरूमा प्यालेस्टाइनका स्थलगत क्षेत्रहरू जफत गर्ने, प्यालेस्टिनी घरहरू र संरचनाहरूको विध्वंस गर्ने, नयाँ बस्तीहरू निर्माण गर्ने प्यालेस्टिनी समुदायहरूको जबरजस्ती विस्थापन गरी योजनाको सीमाभित्रका जग्गा मालिकहरूलाई उनीहरूको भूमिमा पहुँच र खेती गर्नबाट रोक्ने रहेको जनाइएको छ।

वेस्ट ब्याङ्कको १० प्रतिशत बराबरको क्षेत्रमा ग्रेटर जेरुसेलम स्थापना गर्ने लक्ष्य राख्दै योजनाको दायरा अझै विस्तार भएको छ।

बसोबास गतिविधिको विस्तारलाई सङ्केत गर्दै, युरोपियन एक्सटर्नल एक्सन सर्भिसद्वारा जारी गरिएको र वेस्ट बैंक र गाजामा युरोपियन युनियन प्रतिनिधिको कार्यालयद्वारा प्रकाशित एक रिपोर्टले इजरायली सरकारले ५४ नयाँ आधिकारिक बस्तीहरूको स्थापनालाई अनुमोदन गरेको जनाएको छ।

# पहिलो खेलमा नेपाल एनटी स्ट्राइकससँग ८ विकेटले पराजित



**टुडे समाचारदाता**


जनकपुरधाम। अस्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजको आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ। शुक्रबार डार्विनस्थित डीएक्सी एरेनामा भएको खेलमा नेपाल एनटी स्ट्राइकसँग ८ विकेटले पराजित भएको छ।

नेपालले दिएको १२३ रनको सामान्य लक्ष्य एनटी स्ट्राइकले १५ ओभरमा २ विकेट गुमाएर पूरा गऱ्यो। एनटी स्ट्राइकका लागि दोत्जी होगनबोजमले अविजित ४० रन बनाए। उनले ३७ बलमा उक्त रन जोडे। जोर्डन सिल्क ४२ रनमा अविजित रहे। नेपालका लागि पवन सर्राफले २ विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाल ए ले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १२२ रन बनाएको थियो। नेपालका लागि पवन सर्राफले ४९ बलमा सर्वाधिक ४१ रन बनाए। लोकेश बमले १६ तथा नारायण जोशीले १५ रन जोडेका थिए।

एनटी स्ट्राइकका लागि ४ ओभरमा १९ रन खर्चेर ३ विकेट लिएका थिए। टम मेन्जिस, साम बार्कर, विलियम ब्लेयर र डार्सी शर्टले समान १ विकेट लिन सकेको थिए। नेपालले अब सिरिजको दोस्रो खेल शनिबार बंगलादेशको हाइ पर्फर्मेन्स टोलीसँग खेल्ने भएको छ।

# इरानमाथि प्रतिबन्ध समाधान होइन: चीन



एएफपी। चीनले इरानमाथि अमेरिकी 'प्रतिबन्ध र दबाब' बढाएर मध्यपूर्वको द्वन्द्व समाधान नहुने बताउँदै राजनीतिक तथा कूटनीतिक माध्यमबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिएको छ। अमेरिकाले इरानी अर्थतन्त्रलाई अलग्याउन चीनलगायत मुलुकलाई आफ्नो अभियानमा सहभागी हुन आग्रह गरिरहेका बेला चीनको यस्तो धारणा आएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी शासनमाथि आर्थिक दबाब बढाउने चेतावनी दिँदै आउनुभएको छ। इरानले भने अमेरिकी अभियानलाई 'आर्थिक आतङ्कवाद' को संज्ञा दिँदै आएको छ।

ट्रम्पको पछिल्लो चेतावनीबारे शुक्रबार सोधिएको प्रश्नमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले प्रतिबन्ध र दबाबले समस्या समाधान गर्न नसक्ने बताउनुभयो। उहाँले सम्बन्धित सबै पक्षलाई जिम्मेवार कदम चाल्दै राजनीतिक तथा कूटनीतिक माध्यमबाट समाधान खोज्न आग्रह गर्नुभयो।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले इरानमाथि आर्थिक दबाब बढाउने नीतिको बचाउ गर्दै चीनलाई पनि अमेरिकी अभियानमा सहभागी हुन आग्रह गर्नुभएको थियो।

उहाँले यस विषयमा धेरै कुराकानी निजी रूपमा गर्नु उपयुक्त हुने बताउनुभएको थियो।

बेसेन्टको भनाइबारे प्रतिक्रिया दिँदै प्रवक्ता लिनले चीनले अन्तर्राष्ट्रिय कानूनको आधार नभएका तथा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले अनुमोदन नगरेका एकपक्षीय प्रतिबन्धको विरोध गर्ने स्पष्ट पार्नुभयो। उहाँले मध्यपूर्वको समस्या वार्ता र कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने चीनको धारणा दोहोऱ्याउनुभयो।

# पाकिस्तानले कर्मचारीहरूका लागि सामाजिक सञ्जाल प्रयोगमा कडाइ



एएफपी। पाकिस्तानको सङ्घीय सरकारले व्यक्तिगत खाताहरूसहित सामाजिक सञ्जाल प्रयोगलाई नियन्त्रण गर्ने नियमहरू उल्लङ्घन गरेको आरोपमा निजामती कर्मचारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्णय गरेको छ।

अधिकारीहरूले सरकार र सरकारी संस्थाहरू संलग्न अनलाइन विवरणहरूमा बढी नियन्त्रण कायम गर्न खोजेकाले यो कदम चालिएको जनाइएको छ। नयाँ निजामती कर्मचारी आचारसंहिताअनुसार नियम २०२६ अन्तर्गत अधिकारीहरूको व्यक्तिगत सामाजिक सञ्जाल गतिविधि पनि नियामक जाँचको दायरामा आउने द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ।

प्रतिवेदनअनुसार सरकारी कर्मचारीहरूलेसरकारविरोधीगतिविधि वा प्रचार-प्रसारमा अनुशासनात्मक कारबाहीको प्रक्रिया अघि बढ्न सक्ने सम्भावना रहेको पाइएको छ। सरकार र राज्य संस्थाहरूको आलोचना गर्न वा बदनाम गर्न अज्ञात वा नक्कली खाताहरू प्रयोग गर्ने अधिकारीहरूलाई पनि कारबाही गर्न सकिने अखबारले जनाएको छ।

मिडियाका अनुसार, अधिकारीहरूलाई व्यक्तिगत प्रचारका लागि सरकारी कामको प्रचार गर्न व्यक्तिगत सामाजिक मिडिया खाताहरू प्रयोग गर्न अनुमति दिइने छैन। कार्यालय समयमा, आधिकारिक सरकारी खाताहरू व्यक्तिगत प्रचार-प्रसारका लागि प्रयोग गरेको पाइएमा पनि कारबाहीको भागिदार हुनुपर्ने जनाइएको छ।

द एक्सप्रेस ट्रिब्यूनले उद्धृत गरेको स्रोतका अनुसार निजामती कर्मचारीहरूलाई उनीहरूको आधिकारिक र व्यक्तिगत सामाजिक सञ्जालका खाताहरूको विवरणसमेत खुलासा गर्न पनि लगाउन सक्ने जनाएका छन्।

नियमहरूले सरकारी सामाजिक सञ्जालमार्फत संस्थागत नियन्त्रणमा सुनिश्चित गर्न खोजेको जनाइएको छ। प्रतिवेदनअनुसार आफ्नो पद छोड्ने अधिकारीहरूले सरकारी खाता प्रमाणपत्र, अभिलेखित सामग्री र प्रशासनिक पहुँच आफ्ना उत्तराधिकारीहरूलाई हस्तान्तरण गर्नुपर्नेछ।

नियमअनुसार निजामती कर्मचारीहरूलाई सरकारी नीति वा आधिकारिक स्थितिको विपरीत विचार वा जानकारी प्रकाशित गर्न निषेध गरिएको छ।

# रोनाल्डिन्हो राभेनामा, मैदान फर्किने तयारी



एजेन्सी – ब्राजिलका पूर्व स्टार फुटबलर रोनाल्डिन्हो इटालीको तेस्रो डिभिजन क्लब राभेनामा आबद्ध भएपछि बिहीबार औपचारिक रूपमा सार्वजनिक भएका छन्।

राभेनाले करिब ६ हजार समर्थकमाझ समुद्रकिनारमा भव्य कार्यक्रम आयोजना गर्दै रोनाल्डिन्होलाई नयाँ नम्बर १० खेलाडीका रूपमा प्रस्तुत गरेको हो।

४६ वर्षीय रोनाल्डिन्होले व्यावसायिक फुटबलबाट संन्यास लिएको एक दशकभन्दा बढी समयपछि गत जुनमा राभेनासँग सम्झौता गरेका थिए। यद्यपि, उनले नयाँ सिजनको पहिलो सेरी 'सी' खेलमा सोमबार रेज्जियो एमिलियाविरुद्ध खेल्ने छैनन्।

राभेनाका अध्यक्ष इग्नाजियो सिप्रियानीले रोनाल्डिन्होले क्लबबाट आफ्नो करियरको अन्तिम गोल गरेको हेर्न चाहेको बताएका छन्। तर, ब्राजिलियन स्टारले आफूले कति खेल खेल्ने भन्ने विषय प्रशिक्षक र अध्यक्षमा निर्भर रहने बताएका छन्।

'म ठीक छु। तर, कहिले खेल्छु भन्ने कुरा प्रशिक्षक र अध्यक्षमा निर्भर गर्छ। मलाई थाहा छैन,' रोनाल्डिन्होले भने।

उनले राभेनामा आबद्ध हुनुको मुख्य कारण आर्थिक नभई अध्यक्ष सिप्रियानीसँगको मित्रता रहेको पनि स्पष्ट पारे।

'हामीबीचको मित्रताका कारण म यहाँ आएको हुँ। अब टोलीले कस्तो गर्छ, त्यो हेरौँ। म यहाँ सहयोग गर्न आएको हुँ,' उनले भने।

रोनाल्डिन्हो बिहीबार निजी विमानबाट राभेनानजिकैको फोर्ली विमानस्थल पुगेका थिए। विमानस्थलमा उनले कर्मचारीका केही फुटबलमा हस्ताक्षर गरेपछि सिप्रियानीसँगै क्लबको कार्यक्रममा सहभागी भएका थिए।

रोनाल्डिन्होले पछिल्लोपटक सन् २०१५ मा ब्राजिलियन क्लब फ्लुमिनेन्सबाट व्यावसायिक फुटबल खेलेका थिए। त्यसअघि उनले सन् २००८ देखि २०११ सम्म इटालीकै एसी मिलानबाट खेलेका थिए।

ब्राजिललाई सन् २००२ को विश्वकप जिताउन महत्वपूर्ण भूमिका खेलेका रोनाल्डिन्होले सन् २००५ मा प्रतिष्ठित बालोन डी'ओर अवार्डसमेत जितेका थिए। उनको राभेनामा आगमनले इटालीको तेस्रो डिभिजन फुटबलमा थप आकर्षण पैदा गरेको छ।

# उत्तर कोरियाली क्षेप्यास्त्रपछि सैन्य अभ्यास सम्पन्न



एएफपी। उत्तर कोरियाले करिब १० वटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र समुद्रतर्फ प्रहार गरेको भोलिपल्ट अमेरिका र दक्षिण कोरियाले संयुक्त सैन्य अभ्यास निर्धारित समयभन्दा छ दिनअघि सम्पन्न गरेका छन्। अभ्यास अवधि घटाउनु तनाव कम गर्ने अमेरिकी प्रयासका रूपमा हेरिए पनि उत्तर कोरियाले यसलाई वार्तामा फर्किने पर्याप्त सङ्केत मानेको छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'उल्ची फ्रिडम सिल्ड' अभ्यासमा उल्लेख्य कटौती गर्न निर्देशन दिनुभएको थियो। उहाँले उत्तर कोरियाली नेता किम जोङ-उनसँगको राम्रो सम्बन्ध र इरानमा भएको युद्धमा दक्षिण कोरियाले अमेरिकालाई समर्थन नगरेको अवस्थालाई अभ्यास कटौतीको कारण बताउनुभएको थियो।

तर किम जोङ-उनकी बहिनी किम यो जोङले अभ्यासको अवधि र आकार घटाउँदैमा त्यसको 'उत्तेजक र आक्रामक प्रकृति' परिवर्तन नहुने बताउनुभएको थियो। त्यसको भोलिपल्ट उत्तर कोरियाले क्षेप्यास्त्र प्रहार गरेको हो।

अमेरिकी प्यासिफिक कमान्डले क्षेप्यास्त्र प्रहारबाट अमेरिकी भूभाग वा सहयोगीलाई तत्काल खतरा नपरेको जनाएको छ। यसबीच किम यो जोङको वक्तव्यले ट्रम्प र किम जोङ-उनबीच वार्ता पुनः सुरु हुने सम्भावनाबारे देखिएको आशा कमजोर बनाएको छ।

सन् २०१९ मा आणविक वार्ता असफल भएपछि उत्तर कोरियाले आणविक तथा क्षेप्यास्त्र कार्यक्रम आधुनिकीकरणलाई तीव्र बनाएको छ। साथै युक्रेन युद्धका क्रममा रुससँग सैन्य सहकार्य विस्तार गरेको छ। रुसलाई गोला-बारुद र सैनिक सहयोग दिएबापत प्योङ्याङले आर्थिक तथा सैन्य सहयोग प्राप्त गरिरहेको विश्लेषण गरिएको छ।

यद्यपि किम यो जोङले तुलनात्मक रूपमा संयमित भाषा प्रयोग गर्दै आफ्ना भाइ र ट्रम्पबीचको 'उत्कृष्ट' सम्बन्धको उल्लेख गर्नुभएको छ। यसले उत्तर कोरियाले वार्ताको ढोका पूर्ण रूपमा बन्द नगरेको र भविष्यमा आणविक शक्तिका रूपमा मान्यता तथा प्रतिबन्ध राहतजस्ता अमेरिकी सहुलियत खोज्न सक्ने सङ्केत गरेको विश्लेषकहरूको भनाइ छ।

सियोलस्थित इवा विश्वविद्यालयका प्राध्यापक लेइफ-एरिक इस्लेले उत्तर कोरियाले वर्तमान रणनीतिक अवस्थाको उपयोग गर्दै अमेरिकाबाट थप आर्थिक तथा प्रतिष्ठासम्बन्धी लाभ लिन खोज्न सक्ने बताउनुभयो। उत्तर कोरियाली अध्ययन विश्वविद्यालयका प्राध्यापक किम डोङ-युबले भने व्यक्तिगत सम्बन्धले तत्काल अमेरिका-उत्तर कोरिया सम्बन्ध परिवर्तन गर्न नसक्ने प्योङ्याङको धारणा देखिएको बताउनुभयो।

किम यो जोङले ट्रम्पले किम जोङ-उनसँग वार्ताका लागि गरेको आग्रहको जवाफ प्राप्त भएको दाबी अस्वीकार गर्नुभएको छ। यस वर्ष किम जोङ-उनसँग भेट गर्ने सम्भावनाबारे सोध्दा ट्रम्पले आफूले उहाँसँग भेट गर्ने बताउनुभएको थियो।

उत्तर कोरियाली सम्भावित आक्रमणको सामना गर्ने तयारीका लागि अमेरिका र दक्षिण कोरियाले सञ्चालन गर्ने प्रमुख वार्षिक अभ्यासमध्ये 'उल्ची फ्रिडम सिल्ड' एक हो।

# यस वर्ष शक्तिशाली एल निनोको सम्भावना



एएफपी। बेलायतको राष्ट्रिय मौसम कार्यालयले यस वर्षको एल निनो एक शताब्दीभन्दा बढी अवधिमै सबैभन्दा शक्तिशाली हुन सक्ने पूर्वानुमान गरेको छ। उष्णकटिबन्धीय प्रशान्त महासागरको सतहको तापक्रम असामान्य रूपमा बढ्दा विश्वका विभिन्न क्षेत्रमा मौसमको ढाँचा प्रभावित हुने सम्भावना रहेको कार्यालयले जनाएको छ।

उष्णकटिबन्धीय पूर्वी प्रशान्त महासागरको समुद्री सतहको तापक्रम दीर्घकालीन औसतभन्दा कम्तीमा शून्य दशमलव पाँच डिग्री सेल्सियस माथि पुगेपछि एल निनो घोषणा गरिन्छ। यसले हावाको बहाव, वायुमण्डलीय चाप र वर्षाको ढाँचामा परिवर्तन ल्याउनुका साथै विश्वको औसत तापक्रम बढाउन सक्छ।

मौसम कार्यालयका दीर्घकालीन पूर्वानुमान प्रमुख एडम स्काइफले यस वर्ष समुद्री तापक्रमको असामान्यता तीन डिग्री सेल्सियसभन्दा माथि पुग्न सक्ने बताउनुभयो।

उहाँले यस्तो तीव्र एल निनोको सङ्केत यसअघि नदेखेको बताउँदै यसलाई 'अभूतपूर्व घटना' भन्नुभयो।

उहाँका अनुसार दक्षिण अमेरिका र पश्चिमी प्रशान्त क्षेत्रमा गम्भीर तथा लामो खडेरी पर्न सक्नेछ। क्लाइमेट ब्रिङ्क ड्यासबोर्डका अनुसार उक्त क्षेत्रमा समुद्री तापक्रम हाल ३० वर्षको औसतभन्दा २.६ डिग्री सेल्सियस माथि छ।

स्काइफले एल निनोको प्रभाव छोटो अवधिको मौसममा मात्र सीमित नहुने बताउँदै खाद्य उत्पादन र खाद्य सुरक्षामा समेत असर पर्न सक्ने उल्लेख गर्नुभयो। बेलायतमा भने नोभेम्बरतिर सामान्यभन्दा बढी वर्षा र आँधीबेहरीको सम्भावना रहेको उहाँले बताउनुभयो।

# साभिन्हो सिटीबाट टोटेनहममा



एजेन्सी। टोटेनहमले म्यानचेस्टर सिटीका ब्राजिलियन विङ्गर साभिन्होलाई ७५ मिलियन पाउन्डमा अनुबन्ध गर्न सम्झौता गरेको छ। प्रदर्शनका आधारमा थप १० मिलियन पाउन्डसम्म तिर्ने व्यवस्था पनि सम्झौतामा रहेको छ।

२२ वर्षीय साभिन्होले स्वास्थ्य परीक्षण पूरा गरेपछि टोटेनहमसँग दीर्घकालीन सम्झौतामा हस्ताक्षर गर्नेछन्। उनलाई भित्र्याउने टोटेनहमको प्रयास एक वर्षभन्दा लामो समयदेखि जारी थियो। गत समरमा पनि क्लबले उनलाई अनुबन्ध गर्ने प्रयास गरेको थियो। तर, साभिन्होले सिटीमै बस्ने निर्णय गरेका थिए।

गत सिजन भने सिटीमा उनको खेल्ने समय सीमित रह्यो। प्रशिक्षक पेप ग्वार्डिओलाको नेतृत्वमा उनले प्रिमियर लिगका सात खेलमा मात्र सुरुवाती टोलीबाट खेलेका थिए।

टोटेनहमका प्रशिक्षक रोबर्टो डी जेर्बीले मिडफिल्ड बलियो बनाउन यसअघि नै माटेउस फर्नान्डेस र सान्ड्रो टोनालीलाई क्रमशः वेस्ट ह्याम र न्युक्यासलबाट भित्र्याउन संयुक्त रूपमा १८५ मिलियन पाउन्ड खर्च गरिसकेका छन्। अब उनी आक्रमणपंक्ति थप बलियो बनाउने योजनामा छन्।

साभिन्होको अनुबन्धसँगै टोटेनहमको यस समरको खेलाडी खरिद खर्च ३०० मिलियन पाउन्डभन्दा माथि पुग्नेछ। यद्यपि, क्रिस्टियन रोमेरो, जेड स्पेन्स र लुका भुस्कोभिचको बिक्रीबाट क्लबले करिब १४० मिलियन पाउन्ड आम्दानी गरिसकेको छ।

टोटेनहमको खर्च यत्तिमै रोकिने सम्भावना छैन। साभिन्होका सिटी सहकर्मी ओमार मर्मुशलाई अनुबन्ध गर्ने विषयमा पनि वार्ता सकारात्मक रूपमा अघि बढिरहेको जनाइएको छ। इजिप्टका फरवार्ड मर्मुशलाई सिटीले सन् २०२५ मा आइन्ट्राख्ट फ्रान्कफर्टबाट ५९ मिलियन पाउन्डमा अनुबन्ध गरेको थियो। तर, गत सिजन उनी टोलीको पहिलो रोजाइमा पर्न संघर्षरत रहेका थिए।

टोटेनहमले लिभरपुलका फरवार्ड कोडी गाक्पोप्रति पनि चासो कायम राखेको छ। तर, मर्मुश र साभिन्होसँगै गाक्पोलाई पनि अनुबन्ध गर्न आवश्यक रकम जुटाउन टोटेनहम सक्षम हुन्छ कि हुँदैन भन्ने स्पष्ट छैन।

टोटेनहमले शनिबार ब्रेन्टफोर्डसँगको खेलबाट प्रिमियर लिगको नयाँ सिजन शुरु गर्दैछ। म्यानचेस्टर सिटीले भने आइतबार बोर्नमाउथको सामना गर्नेछ।रासस

# कञ्चनपुरमा ठूला योजनाः निर्माण गति सुस्त, प्रक्रियागत अल्झनमै समय खर्च



महेन्द्रनगर । सुदूरपश्चिम प्रदेशको विकासको ढोका खुल्ने आशा गरिएको कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ स्थित महाकाली नदीमा बनेको चार लनेको पक्की पुलको काम अलपत्रजस्तै छ । पन्चान्नब्बे प्रतिशत भौतिक प्रगति भइसकेको उक्त पुलको काम सरकारी पक्षबाट ड्याम (गाइण्ड बण्ड)को नयाँ डिजाइन र भेरियसन अर्डरमा भइरहेको ढिलाइले काम अलपत्र अवस्थमा पुगेको हो ।

केही समय अघि गत वर्ष महाकाली नदीमा आएको बाढीले क्षति पुऱ्याएको गाइडबण्डको पुनर्निर्माण नेपाली सेनाले गरेपछि यो वर्खामा सम्भावित क्षति हुन पाएको छैन। लामो समयदेखि महाकाली पुल निर्माण कम्पनी कुमार सिएफइसी जेभीले डिजाइन स्वीकृति र 'भिओ' नगरिदिएपछि कामबाट हात नै झिक्यो । सरकार र निर्माण व्यवसायीबीचको यो लफडा अहिले आर्बिट्रेशन (मध्यस्थता) मा विचाराधीन छ। यो अदालत बाहिर विवाद समाधान गर्ने एक वैकल्पिक विधि हो, जसमा दुवै पक्षको सहमतिमा एक वा बढी निष्पक्ष व्यक्ति (आर्बिट्रेटर) लाई निर्णय गर्ने जिम्मा दिइन्छ।

विसं २०७४ मा सुरु भएको महाकाली पुलसँगै पहुँच मार्गको काम अहिले सरकारी प्रक्रियाकै ढिलाइका कारण सम्पन्न हुन नसकेको हो। दोधारा चादँनी हुँदै भारतीय पक्षसित आवागमनका लागि निर्माण गरिएको पुल बने यहाँ भारतसित व्यापारिक सम्बन्ध अझ क्रियाशील हुने आशा गरिएको छ।

रु तीन अर्ब ६६ करोड नौ लाखको लागतको उक्त योजना कहिले पुनः सञ्चालन हुने भन्नेबारे अन्यौलता रहेको छ । सडक डिभिजन कार्यालय महेन्द्रनगरका डिभिजन प्रमुख राजेशकुमार यादवले महाकाली पुलको विषय अदालतमा पुगेको बताउनुभयो ।

"यो विषय आर्बिट्रेशन हुँदै अदालतमा पुगेकाले अरु काम प्रभावित जस्तै छ", उहाँले भन्नुभयो, "अदालती प्रक्रिया सकिएपछि कामले गति पाउने विश्वास छ ।" डिभिजन प्रमुख यादवले अघिल्लो महिना निर्माण गरिएको तटबन्धले क्षति रोकिएको बताउनुभयो ।

**दैजी छेला औद्योगिक क्षेत्र**

कञ्चनपुरसँगै सुदूरपश्चिमकै आर्थिक विकासमा टेवा पुग्न सक्ने अर्को आयोजना हो कञ्चनपुरको दैजी छेला औद्योगिक क्षेत्र स्थापना । कञ्चनपुरको बेदकोट नगरपालिकामा प्रस्तावित दैजी क्षेत्र औद्योगिक क्षेत्रको शिलान्यास गरे पनि काम पूर्ण रुपमा ठप्प छ।

विसं २०७७ फागुनमा शिलान्यास भएको उक्त औद्योगिक क्षेत्र स्थापनाको काम रुख कटान र भोगाधिकारको विषयको फाइल कृषि, वन तथा पर्यावरण मन्त्रालयमा थन्किएको छ। बेदकोट नगरपालिका-२ का वडाध्यक्ष नरेशबहादुर सिंहले रुख कटानको र जग्गा भोगाधिकारको फाइल चाँडै मन्त्रिपरिषद्मा जाने आशामा रहेको बताउनुभयो।

नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्थापन लिमिडेट शाखा कार्यालय नेपाल औद्योगिक क्षेत्रले दैजी औद्योगिक क्षेत्रको काम कारबाही हेर्ने गरेको भए पनि माथिल्लो निकायको प्रक्रियागत ढिलाइकै कारण दैजीमा खुलेको औद्योगिक क्षेत्रको कार्यालय पनि बन्द छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका सुचना अधिकारी वासुदेव सोडारीले दैजी छेला औद्योगिक क्षेत्रका लागि सरकारबाट बजेट नआएको लगातार दुई आर्थिक वर्ष भइसकेको बताउनुभयो ।

"यो वर्ष छेला औद्योगिक क्षेत्र बाहिरको पहुँच मार्गका लागि रु दुई करोड ५० लाख विनियोजन भए पनि औद्योगिक क्षेत्र स्थापनाका लागि बजेट आएन", सूचना अधिकारी सोडारीले भन्नुभयो, "रुख कटान, जग्गा प्रयोगलगायतका कामका लागि हाम्रो आन्तरिक बजेटमा भने रकम छ।"

डिभिजन वन कार्यालयले गत वर्ष साउनमा रायसहितको उक्त फाइल माथिल्लो निकायमा पेस गरेको भए पनि अझै फाइल प्रक्रियामै रहँदा औद्योगिक क्षेत्र स्थापनामा झन ढिलाइ भइरहेको छ । विसं २०५२ मा प्रस्ताव भएको कञ्चनपुरको दैजी छेला औद्योगिक क्षेत्र स्थापनाको काम दशकौं बितिसक्दा पनि अलमलमै छ।

त्यसैगरी कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीका स्वकीय सचिव जेनिल विष्टले औद्योगिक क्षेत्रको जग्गा भोगाधिकार र रुख कटानको प्रक्रिया अन्तिम चरणमा रहेको बताउनुभयो। "यो फाइल मन्त्रिपरिषद्बाट स्वीकृत हुने गरी अन्तिम चरणमा काम भइरहेको छ", उहाँले भन्नुभयो, "केही दिनभित्रै यसको नतिजा आउनेछ।"

एक सय ३६.५९ 'हेक्टर' अर्थात् २०२ बिघा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापनाको प्रस्ताव भएको छ। यसअघि ३४५ बिघामा प्रस्ताव भएको थियो । बेदकोट नगरपालिका-२ र ३ को वन क्षेत्रमा २०७२ सालमा सरकारले चार किल्ला तोकेर औद्योगिक क्षेत्र बनाउने निर्णय भएको थियो ।

**दोधारा चादानी सुक्खा बन्दरगाह**

कञ्चनपुरको बहुप्रतिक्षित दोधारा-चाँदनी सुक्खा बन्दरगाह निर्माणको अहिले २१ प्रतिशत भौतिक प्रगतिमा छ । भारत सरकारको सहयोगमा कञ्चनपुरको दोधारा चादँनी (महाकाली पुलको पश्चिम) मा निर्माणाधीन सुक्खा बन्दरगाहको काम तीव्र गतिमा भए पनि निर्माण गरिरहेको भारतीय कम्पनी नेपाल सरकारबाट पाउनुपर्ने सुविधाबाट वञ्चित रहेको दुखेसो पोख्न थालेको छ।

एक वर्षअघि सुरु भएको सुक्खा बन्दरगाह निर्माणको हालसम्म २१ प्रतिशत भौतिक प्रगति भएको निर्माण व्यवसायीका नेपाल प्रतिनिधी तेजबहादुर चन्दले बताउनुभयो । बन्दरगाहमा भन्सार, सशस्त्र प्रहरी र कर्मचारीका आवा ट्र्मिनल, भन्सार भवन र अन्य आवासीय संरचना निर्माण भइरहेका छन् । तीस महिनामै सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढिरहेको उक्त परियोजना निर्माण लागत दुई अर्ब ३७ करोड भारतीय रुपैयाँको रहेको छ।

सम्झौताअनुसार निर्माण कम्पनीले नदीजन्य पदार्थको रोयल्टीबापतको रकम फिर्ता, भन्सार छुटलगायतको विषयमा सुविधा दिनुपर्ने भए पनि त्यो नभएको चन्दको भनाइ छ । "नेपाल सरकारबाट पाउनुपर्ने रोयल्टीलगायतका सुविधा नपाए काम रोक्ने मनिस्थितिमा निर्माण कम्पनी पुगेको छ", उहाँले भन्नुभयो, "यसबारे सरकारको ध्यान बेलैमा जाओस् ।" नेपाल र भारत सरकारबीच सन् २०२३ जुन १ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

**राष्ट्रिय गौरवको महाकाली सिचाइ**

महाकाली सिँचाइ आयोजना तेस्रो चरण राष्ट्रिय गौरवकै आयोजना हो । कञ्चनपुरसँगै कैलालीको मालाखेती क्षेत्रसम्म सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथै आर्थिक वर्ष २०६३/६४ देखि सुरु भएको आयोजनाको काम जारी छ।

ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकासम्म २८ किलोमिटर मूल नहरका साथै शाखा नहरसमेत निर्माण भइसकेको लामो समय बितिसक्यो तर एकीकृत महाकाली सन्धिअनुसार नेपालले महाकाली नदीबाट पाउनुपर्ने पानी अझै भारतीय पक्षले दिएको छैन।

"सेप्टेम्बरमा बैठक छ भन्ने जानकारीमा आएको छ। सोही बैठकमा नेपाली पक्षले पानी पाउनुपर्ने विषय उठाउने तयारी रहेको छ", महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी यादव बरालले भन्नुभयो, "हामीले सोहीअनुसार भारतसित पटक पटक नहरमा पानी उपलब्ध गराउन पत्राचार गर्दैआएका छौं।"

सरकारले आव २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निमार्ण कार्यले गति लिएको थियो। आयोजना कार्यालयका अनुसार चार वटा प्याकेजमा हालै नयाँ ठेक्का समेत आह्वान भइसकेको छ।

"अढाइ/तीन किलोमिटर मूल नहर र बाँकी कृष्णपुरको गुलरिया बजारदेखि दक्षिण रैकवारसम्मको १५ किलोमिटर नहर निर्माणको नयाँ ठेक्का आह्वान भएको छ", सुचना अधिकारी बरालले भन्नुभयो, "यो पटक रु दुई अर्ब हाराहारीको ठेक्का आह्वान भएको छ।"

त्यसैगरी २८ किलोमिटरदेखि ४८ किलोमिटरसम्मको थप २० किलोमिटर र शाखा नहर निर्माणाधीन अवस्थामै छ । "वर्षाले अहिले काम हुन सकेको छैन । दसैंपछि पुनः सुरु हुन्छ", सुचना अधिकारी बरालले भन्नुभयो, "विगतमा जस्तो आर्थिक अभावले आयोजनाको काम रोकिनुपर्ने अवस्था भने छैन।"

सिँचाइ सुविधा उपलब्ध गराउने संरचना तयार भइसके पनि भारतले टनकपुरबाट नहरमा पानी नछोड्दा किसानले सिँचाइ सुविधा पाउनबाट वञ्चित हुनुपरेको छ । टनकपुरबाट पानी छाड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपिसी)बाट सहयोग नभएको सिँचाइ आयोजनाले जनाएको छ। मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण भएपछि कञ्चनपुर र कैलालीको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ।

**दश वर्षपछि पुनः ठेक्काको प्रक्रियामा हुलाकी सडक**

विसं २०७३ फागुनमा कञ्चनपुरको हुलाकी सडक तीन प्याकेजमा एकसाथ निर्माण गर्न शिलान्यास भएको थियो । कञ्चनपुरको पुनर्वास नगरपालिकाको डोकेबजारदेखि बेदकोट नगरपालिकाको दैजीसम्म ६४ किलोमिटर हुलाकी सडक निर्माण कम्पनीको ढिलासुस्तीकै कारण ढिलाइ हुन गयो।

"पहिलो र तेस्रो प्याकेजमा सडक कालोपत्र भएर काम सकियो, तर दोस्रो प्याकेज (बेलौरी-बेल्डाँडी खण्ड) पुनः ठेक्का आह्वानको चरणमा छ", हुलाकी राजमार्ग योजना कार्यालय धनगढीका प्रमुख मुकुन्दप्रसाद लामिछानेले भन्नुभयो, "ठेकेदारकै लापर्वाही र बेवास्ताका कारण वर्षौंपछि दोस्रो प्याकेज ठेक्का लगाउनुपर्ने अवस्था आयो ।" पटक पटक म्याद थप गरेर काम गर्ने अवसर दिँदा पनि निर्माण कम्पनी हंस सिद्धीसाई जेभीले ११ किलोमिटर सडक मात्रै कालोपत्र गरेको उहाँको भनाइ छ।

डोकेबजारदेखि बेलौरीसम्मको पहिलो प्याकेज (२० किलोमिटर) सडक डिभिजन कार्यालय महेन्द्रनगरलाई हस्तान्तरण गर्ने प्रक्रियामा रहेको हुलाकी राजमार्ग योजना कार्यालयले जनाएको छ।

**मझगाउँ विमानस्थल**

कञ्चनपुरको महेन्द्रनगरस्थित मझगाउँ विमानस्थलको स्तरोन्नतिले पनि गति पाउन सकेको छैन । तीन वर्षमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का दिइएको विमानस्थलको भौतिक प्रगति ७५ प्रतिशत पुगेको छ।

मझगाउँ विमानस्थलका कार्यालय प्रमुख मीनराज ओझाले नागरिक उड्डयन प्राधिकरणले मझगाउँ विमानस्थलका लागि रु दश करोड रकम विनियोजन गरेको जानकारी दिनुभयो।

"सम्झौताअनुसार अब प्रदेश र स्थानीय सरकारले पनि बजेटको प्रबन्ध गरे टर्मिनल भवनको ठेक्का प्रक्रिया अघि बढ्ने छ", प्रमुख ओझाले भन्नुभयो, "प्रदेश र स्थानीयबाट बजेट विनियोजनको प्रतिबद्ध व्यक्त र पहल भइरहेको छ।" उहाँले एक हजार पाँच सय २५ मिटर रन्वे कालोपत्र गर्नुपर्नेमा एक हजार चार सय ५० मिटर रन्वे बनिसकेको जानकारी दिनुभयो।

विमानस्थल स्तरोन्नतिका लागि २०७७ सालमा सङ्घीय सरकार, प्रदेश र स्थानीय तहमा भीमदत्त र दोधारा चाँदनी नगरपालिकाबाट समझदारीपत्रमा हस्ताक्षर भएको थियो । विमानस्थल पुनर्निर्माणमा भीमदत्त नगरपालिकाको १५ प्रतिशत, दोधारा चाँदनीको १० प्रतिशत, सुदूरपश्चिम प्रदेश सरकारको २५ प्रतिशत तथा सङ्घीय सरकारको ५० प्रतिशत लगानी छ। विसं २०३० देखि मझगाउँ विमानस्थलमा हवाई सेवा सुरु भएको थियो । सशस्त्र द्वन्द्वका बेला २०५६ सालमा सुरक्षाको कारण देखाउँदै विमानस्थल बन्द गरिएको थियो।

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले यहाँका विकासे आयोजनामा राजनीतिक जस लिने प्रवृति हावी हुँदा समयमा सम्पन्न हुन नसक्ने अवस्था बनेको बताउनुभयो।

"विकासमा राजनीति हुनुहुँदैन", अध्यक्ष मल्लले भन्नुभयो, "कसले कुन आयोजना ल्यायो/बनायोभन्दा पनि यहाँको विकास र जनताको सुविधाका लागि काम गर्नुपर्छ।" यहाँ निर्माणाधीन र प्रतावित आयोजना सम्पन्न भए जिल्लामै रोजगारीका अवसर पाउनुका साथै आर्थिक विकासमा समेत टेवा पुग्ने अध्यक्ष मल्लको विश्वास छ। रासस

## बढ्दो सहरीकरणका बीच पर्यटकको रोजाइमा विराट पोखरी

भद्रपुर । बढ्दो सहरीकरण र व्यस्त जीवनशैलीका बीच शान्त वातावरणको खोजी गर्नेहरूको रोजाइ बन्दै गएको छ झापाको बिर्तामोड नगरपालिका-३ स्थित ऐतिहासिक तथा धार्मिकस्थल विराट पोखरी।

बिर्तामोड बजारबाट करिब चार किलोमिटर दक्षिणमा रहेको यो पोखरी क्षेत्र पछिल्लो समय आन्तरिक पर्यटक, विद्यार्थी तथा धार्मिक पर्यटकको आकर्षणको केन्द्र बनेको छ। शनिबार र सार्वजनिक बिदाका दिन यहाँ घुम्न आउनेको उल्लेखनीय भीड लाग्ने गरेको स्थानीय बताउँछन्।

स्थानीय सोमनाथ अधिकारीका अनुसार फुर्सदको समय बिताउनमात्र होइन, परिवारसहित घुम्न र प्राकृतिक वातावरणको आनन्द लिन पनि आगन्तुक विराट पोखरी पुग्ने गरेका छन्। "शनिबार र आइतबार त पोखरी परिसर भरिभराउ हुन्छ। स्थानीयदेखि बाहिरी जिल्लाका आगन्तुकसम्म यहाँ शान्त वातावरण खोज्दै आउँछन्", अधिकारीले भन्नुभयो।

अधिकारीका अनुसार बिर्तामोडस्थित मेची आँखा अस्पतालमा उपचारका लागि भारतका सिक्किम, आसामलगायत क्षेत्रबाट आउने बिरामी र उनीहरूका आफन्त पनि उपचारको फुर्सदमा विराट पोखरी घुम्न पुग्ने गरेका छन्। यसले धार्मिक र प्राकृतिक पर्यटनसँगै स्वास्थ्य पर्यटनलाई समेत जोड्ने सम्भावना देखिएको छ।

पोखरी संरक्षण समिति 'विराट सरोवर विकास समिति'का अध्यक्ष इन्द्र प्रसाईँका अनुसार बिर्तामोडको बढ्दो जनघनत्व र सहरी विस्तारले मानिसलाई हरियाली र शान्त वातावरणको आवश्यकता झन् बढाएको छ। उहाँले भन्नुभयो, "सहरको कोलाहलबाट केही घण्टा टाढा बसेर मन शान्त बनाउने ठाउँका रूपमा उक्त क्षेत्र स्थापित हुँदै गएको छ। यहाँ आएपछि मानिस तनावमुक्त भएको अनुभूति गर्छन्।"

उहाँका अनुसार पोखरी परिसरमा बालबालिकाका लागि खेल संरचना, विद्यालयका शैक्षिक भ्रमण, विभिन्न सङ्घसंस्थाका अवलोकन कार्यक्रम तथा जल सफारी (बोटिङ) सञ्चालन भइरहेका छन्। "यसको प्रचारप्रसार र संरक्षण गर्नु सबैको साझा दायित्व छ", उहाँले जोड दिनुभयो।

विराट पोखरी केवल प्राकृतिक सौन्दर्यको स्थलमात्र होइन, पौराणिक इतिहाससँग जोडिएको सांस्कृतिक धरोहर पनि हो। स्थानीय जनविश्वासअनुसार महाभारतकालमा राजा विराटले आफ्ना गाईवस्तुलाई पानी खुवाउन यो पोखरी खन्न लगाएका थिए। यही क्षेत्रमा पाण्डवले अज्ञातबास बिताएको मान्यता पनि रहँदै आएको छ।

पोखरी परिसरमा रहेको प्राचीन ग्रामकाली थान र शिवालय मन्दिरका कारण धार्मिक महत्व पनि उत्तिकै बलियो छ। प्रत्येक वर्ष बालाचतुर्दशीमा सतबीज छर्न र पूजाआजा गर्न हजारौं भक्तजन यहाँ पुग्ने गर्छन्।

विसं २०५१ देखि विराट सरोवर विकास समितिले संरक्षणको काम गर्दै आए पनि पर्याप्त बजेट र दीर्घकालीन गुरुयोजनाको अभावले अपेक्षित विकास हुन नसकेको अध्यक्ष प्रसाईँ बताउनुहुन्छ। रासस

## प्रोटिन सचेतना र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न पोखरामा 'राइट टु प्रोटिन रन'




कास्की । खेलकुदमार्फत प्रोटिनसम्बन्धी जनचेतना जगाउँदै स्वास्थ्य, पर्यटन र कृषिलाई जोड्ने उद्देश्यसहित 'राइट टु प्रोटिन रन'को पाँचौं संस्करण पोखरामा आयोजना हुने भएको छ।

प्रोटिन, सन्तुलित पोषण, शारीरिक तन्दुरुस्ती र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले आगामी असोज ३ गते कास्कीको पोखरामा उक्त दौड आयोजना गर्न लागिएको हो । आयोजक नेपाल फिड इन्डस्ट्रिज एसोसिएसनले बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत प्रतियोगिताबारे जानकारी दिएको छ।

प्रतियोगितामा आठ विधामा प्रतिस्पर्धा हुनेछ । यस्तै, कुल रु १६ लाखबराबरको पुरस्कार प्रदान गरिनेछ । यसैगरी विभिन्न विधामा चार हजारभन्दा बढी धावकको सहभागिता रहने अपेक्षा गरिएको कार्यक्रम संयोजक समेज राजभण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार यसअघि प्रतियोगिताका चारवटै संस्करण काठमाडौंमा आयोजना गरिएकामा यसपटक पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यहाँ प्रतियोगिता आयोजना गर्न लागिएको हो । पोखराको लेकसाइडस्थित वसुन्धरा पार्कबाट सुरु हुने दौड वसुन्धरा पार्क-हल्लनचोक-खहरे-सेदी-खपौदी-पामे हुँदै पुनः वसुन्धरा पार्कमै आएर टुङ्गिने छ।

प्रतियोगितामा पुरुष तथा महिला हाफ म्याराथन (२१ किलोमिटर), पुरुष १० किलोमिटर खुला दौड, महिला पाँच किलोमिटर खुला दौड, कक्षा १२ सम्मका विद्यार्थीका लागि युवा दौड, तीन किलोमिटर दौड तथा पुरुष र महिला ह्वीलचेयर दौड गरी आठ विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रत्येक विधाका उत्कृष्ट पाँच खेलाडीलाई नगद पुरस्कार प्रदान गरिने छ।

हाफ म्याराथनतर्फ महिला तथा पुरुष दुवै विधाका पहिलोदेखि पाँचौं स्थान हासिल गर्ने खेलाडीले जनही क्रमशः रु एक लाख ५० हजारदेखि रु २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । 'राइट टु प्रोटिन रन' प्रोटिन र सन्तुलित पोषणबारे राष्ट्रियस्तरमा जनचेतना फैलाउने अभियानका रूपमा अघि बढाइएको युएस सोयाबिन एक्सपोर्ट काउन्सिलका देशीय निर्देशक डा अशेष भट्टराईले बताउनुभयो।

"विशेषगरी युवा, विद्यालय तथा विद्यार्थी, खेलाडी, महिला र परिवारमा दैनिक आवश्यक पर्ने प्रोटिनको मात्रा र सुलभ प्रोटिनका स्रोतबारे जानकारी बढाउन यो कार्यक्रम फलदायी हुँदै आएको छ", उहाँले भन्नुभयो।

यस संस्करणले अण्डा, कुखुराको मासु, माछा, दूध, सोया, पनीर, दाल तथा गेडागुडीजस्ता सुलभ र गुणस्तरीय प्रोटिनका स्रोतबारे जनचेतना अभिवृद्धि गर्नुका साथै शारीरिक सक्रियता र स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्ने आयोजकको विश्वास छ।रासस



**भूमि प्रशासन कार्यालय जनकपुरधाम धनुषा**

**हक दावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदक जिल्ला धनुषा गा.वि.स. एकराही वडा नं. ५ हाल परिवर्तित विदेह नगरपालिका वडा नं. ५ मा बस्ने जितुवा खत्वेको नाती बिजलाल खत्वेको छोरा, परिक्षण खत्वेले मेरो नाउँमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स. झोझीकटैया वडा नं. ९ख कि.नं. ३५५ क्षेत्रफल ०-१-० जग्गाको स्रेस्ता फेला नपरेकोले स्रेस्ता कायम गरी पाउँ भनि यस कार्यालयमा द.नं. २८९८३ मिति २०८३/०३/१६ को माग निवेदन भएकोले मिति २०८३/०४/१३ को आदेशानुसार यो हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसमा निवेदकको माग दाबी अनुसारको जग्गाधनी दर्ता स्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए, यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालयमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | झोझीकटैया | ९ख | ३५५ | ०-१-० |

दर्तावाला-परिक्षण खत्वे
ना.प्र.नं. ३७८९०६७१
जारी मिति-२०४५/०१/१९
वतन-गा.वि.स. एकराही वडा नं. ५
बाबुको नाम थर- बिज लाल खत्वे
बाजेको नामथर-जितुवा खत्वे

**भूमि प्रशासन कार्यालय जनकपुरधाम धनुषा**

**हकभोग तथा हकदार सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना**

भारत देशको बिहार राज्यको जिल्ला दरभंगा हाल जिल्ला मधुवनी प्रखण्ड हरलाखी पञ्चायत करूणा मा बस्ने राम प्रताप चौधरीको आफ्नो कालंगतीले मृत्यु भै निजको हकखाने पत्नी आरती देवीको पनि आफ्नो कालगतीले मृत्यु भै हकखाने ३ तिन छोराको जाय जन्म भएकोमा जेठा छोरा रामवृक्ष चौधरीको पत्नी आफ्नो कालगतीले मृत्यु भै हक खाने पत्नी राम केशरी देवीको पनि मृत्यु भै हकखाने छोरा छोरीको जाय जन्म नभएकोमा विन्देश्वर चौधरीको पनि आफ्नो कालगतीले मृत्यु भै हक खाने पत्नी राम पुकारी देवीको पनि आफ्नो कालगतीले मृत्यु भै हकखाने ३ तिन छोराहरूको जाय जन्म भएकोमा जेठा छोरा चन्देश्वर चौधरी, माइला छोरा मोहन चौधरी र कान्छा छोरा लालबाबु चौधरी रहेकोमा जगन्नाथको माइला छोरा महेन्द्र चौधरीको पनि आफ्नो कालगतीले मृत्यु भै हक खाने १ एक मात्र छोरा विहारी चौधरी रहेकोमा निजले पाउनु पर्ने अंश भाग लिई छुट्टै भिन्न भई बसेको र मृतक जग्गा धनी राम प्रताप चौधरीको नाममा तपसिलमा उल्लेखित दर्ता कायम रहेको जग्गाको हकभोग खाने सबभन्दा नजिकको हकदार नाती नाता पर्ने हामी लालबाबु चौधरी, मोहन चौधरी र चन्देश्वर चौधरी समेत ३ तिन जनाको नाममा संयुक्त नामसारी गरि पाउँ भनि दिनु भएको माँग निवेदन सोही अनुसारको जिल्ला धनुषा विदेह न.पा. ९ को वडा कार्यालय धनुषाको च.नं. ४२७ मिति २०७९/०९/१६ गतेको किटानी सिफारिश पत्र र वडा मुचुल्का समेत भै आएको।

यसमा रामप्रताप चौधरीको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकभोग तथा हकदार यि निवेदक मीना देवी बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा यी निवेदकको नाममा एकलौटी नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएपछि कानून बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.पा/न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|
| धनुषा | इटहर्वा | ९ | ७४ | ०-१५-११-० | रामप्रताप चौधरी |

गरिमा हत्या प्रकरण :

# बारामा आन्दोलन स्थगित, पर्सामा जारी



टुडे समाचारदाता

बारा । तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनालाई लिएर चर्किएको आन्दोलन पीडित परिवार, स्थानीयवासी, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र प्रशासनबिच भएको पाँचबुँदे सहमतिपछि बारामा स्थगित भएपनि वीरगञ्जमा प्रदर्शन जारी नै रहेको छ।

घटनाका दोषीलाई कडा कारबाहीको माग गर्दै वीरगञ्जमा शुक्रबार बिहान विद्यार्थीहरूले प्रदर्शन गरेका छन् । वीरगञ्जका विभिन्न विद्यालय तथा कलेजका विद्यार्थी सडकमा उत्रिएर प्रदर्शन गरेका हुन् । उनीहरूले बालिका गरिमाका लागि न्याय माग्दै घटनामा संलग्न दोषीलाई कडा कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन् ।

प्रदर्शनमा सहभागी विद्यार्थीहरूले 'न्याय चाहिन्छ, बहाना होइन' र 'जस्टिक फोर गरिमा' लगायतका नारासहितका प्लेकार्ड बोकेका थिए । ठूलो संख्यामा विद्यार्थी सहभागी प्रदर्शनका क्रममा उनीहरूले बालबालिकाको सुरक्षा सुनिश्चित गर्न सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

विद्यार्थीहरूले बालबालिकामाथि हुने हिंसा तथा यौनजन्य अपराध नियन्त्रणका लागि प्रभावकारी सुरक्षा व्यवस्था गर्नुपर्ने माग गरेका छन् । यस्ता जघन्य अपराधमा संलग्न व्यक्तिलाई कुनै पनि बहानामा उन्मुक्ति दिन नहुने उनीहरूले नारा लगाएका थिए ।

यता घटनाको अनुसन्धान, दोषीमाथि कारबाही र प्रहरीको भूमिकालाई लिएर उठेका प्रश्नबिच प्रशासनले पीडित पक्षसँग बिहीबार राति लामो छलफलपछि पाँचबुँदे सहमति जुटेसँगै आन्दोलनका कार्यक्रम स्थगित गरिएको हो ।

सहमतिमा घटनामा संलग्न दोषीलाई कडा कारबाही गर्नेदेखि पीडित परिवारको राहत तथा सुरक्षासम्मका विषय समेटिएका छन् । सहमतिअनुसार यस्ता जघन्य अपराधमा संलग्नलाई मृत्युदण्डको व्यवस्था गर्न कानुन संशोधनका लागि पहल गर्नुपर्ने माग अघि सारिएको छ ।

त्यस्तै, अनुसन्धानका क्रममा घटनामा थप व्यक्ति दोषी देखिए उनीहरूलाई समेत पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउने सहमति भएको छ । पीडित परिवारलाई उचित क्षतिपूर्ति तथा रोजगारीको व्यवस्था गर्नुपर्ने र सर्वसाधारणको जनधनको सुरक्षाका लागि प्रभावकारी शान्ति-सुरक्षा कायम गर्नुपर्ने विषय पनि सहमतिमा उल्लेख छ ।

यसैगरी, घटनाको अनुसन्धानमा कमजोरी भएको भन्दै इलाका प्रहरी कार्यालय, सिमराका प्रहरी नायब उपरीक्षक (डीएसपी) दिलीप क्षेत्रीलाई जिम्मेवारीबाट हटाएर फिर्ता बोलाइएको छ । उनको स्थानमा प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत डीएसपी दयाकृष्ण भट्टलाई सिमरा पठाइएको जनाइएको छ । सहमतिमा इलाका प्रहरी कार्यालय, सिमराका डीएसपी र प्रहरी निरीक्षकको सरुवासम्बन्धी विषयसमेत समेटिएको छ ।

वार्तामा जिल्ला सुरक्षा समितिको तर्फबाट प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कुँवर, सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल, नेपाली सेनाको रिपुमर्दन गणका गणपति हिरिराज गौतम तथा राष्ट्रिय अनुसन्धान विभागका जिल्ला प्रमुख सरोज निरौलालगायत सुरक्षा अधिकारीको सहभागी थिए ।

पीडित परिवारका तर्फबाट पारिवारिक प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

# मधेशमा सवारीभन्दा लाइसेन्स लिनेको संख्या झण्डै तीन गुणा बढी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा सवारी साधन दर्ता भन्दा झण्डै तीन गुणा बढी सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लिनेको संख्या देखिएको छ । प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को प्रगति विवरणले यस्तो अवस्था देखाएको हो ।

मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा प्रदेशका विभिन्न यातायात व्यवस्था कार्यालयबाट १ लाख ५ हजार ४५१ वटा सवारी साधन दर्ता भएका छन् । सोही अवधिमा विभिन्न वर्गका २ लाख ८० हजार ७६८ वटा सवारी चालक अनुमतिपत्र वितरण गरिएको छ ।

कार्यालयगत विवरण हेर्दा वीरगञ्जमा सबैभन्दा धेरै सवारी दर्ता भएका छन् । पर्साको वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालयबाट गत वर्ष ७३ हजार ६५१ वटा सवारी दर्ता भएको मन्त्रालयले जनाएको छ । त्यसपछि धनुषाको जनकपुरधाममा २० हजार २९४,सिरहाको लहानमा ९ हजार १८१, सप्तरीको राजविराजमा १ हजार ६४१, महोत्तरीको बर्दिबासमा ३५२, रौतहटको गौरमा २१७, बाराको कलैया १७१ र सर्लाहीको मलंगवामा १४४ वटा सवारी दर्ता भएका छन् ।

लाइसेन्स वितरणमा भने लहानस्थित यातायात व्यवस्था कार्यालय अगाडि छ । गत आर्थिक वर्षमा लहानबाट मात्रै ८५ हजार ७६९ वटा लाइसेन्स वितरण भएको विवरणमा उल्लेख छ । बर्दिबासबाट ७१ हजार ६६३, कलैयाबाट ४१ हजार ५८९, जनकपुरधामबाट २८ हजार ३९४, मलंगवाबाट १९ हजार ९८२ र राजविराजबाट ११ हजार २४५ वटा लाइसेन्स वितरण भएका छन् । गौरबाट भने ५ हजार २९६ वटा लाइसेन्स वितरण भएको छ ।

सवारी दर्ता र लाइसेन्स वितरणबीच देखिएको ठूलो अन्तरले प्रदेशको यातायात व्यवस्थापनमाथि प्रश्न उठाएको छ । मधेश प्रदेशस्थित प्रत्येक यातायात व्यवस्था कार्यालयहरुमा लाइसेन्स खरीद बिक्री भएको हुन सक्ने आशंका बढेको छ ।




संघीय सरकारले यी कार्यालयहरुमा बिचौलियाविहिन बनाउन कडाई गरेपनि बाहिरी देखावटी रुपमा बिचौलियाविहिन जस्तै छन् । तर कार्यालय अगाडि सञ्चालनमा रहेको फोटोकपी, लेखनदास र विभिन्न इन्स्योरेन्स शाखा कार्यालय मार्फत लाइसेन्स खरीद बिक्री हुँदै आएको श्रोतको दाबी छ ।

यद्यपि सरोकारवालाहरुले लाइसेन्स वितरणको संख्या नयाँ सवारी दर्तासँग मात्र प्रत्यक्ष रूपमा सम्बन्धित नरहेको दाबी गरिरहेका छन् । मन्त्रालयका निमित सचिव रञ्जित यादवले सवारी दर्ताभन्दा लाइसेन्स संख्या बढ्नु भनेको खरीद बिक्री नै भइरहेको भन्न नसकिने बताए । उनले भने गाडी नभएकाले पनि लाइसेन्स लिने सक्नेमा रोक छैन । ठूलो संख्यामा लाइसेन्स वितरण हुँदैमा मात्र अवैध कारोबार भएको निष्कर्ष निकाल्न नसकिने उनको भनाई छ ।

यातायात व्यवस्था कार्यालय महोत्तरीका प्रमुख राकेश यादवले लाइसेन्स लिनमा कुनै क्षेत्र तोकिएको छैन, देशभरिमा कुनैपनि कार्यालयबाट लाइसेन्स लिन सक्ने भएकाले संख्या बढेको हो । मधेशको जनसंख्या पनि बढी रहेकाले पनि संख्या बढन् सक्ने हो । तर हाम्रो कार्यालयबाट अवैध खरीद बिक्री नभइरहेको उनको दाबी छ ।

यस्तै यातायात व्यवस्था कार्यालय मलंगवाका राजकिशोर साहले सवारी दर्ताको लागि क्षेत्र तोकिएको र अधिकांश सवारी काठमाडौ, वीरगञ्ज, जनकपुरधाम लगायतका कार्यालयबाट दर्ता हुने भएकाले सवारी दर्ताको संख्या घटेको हो । तर लाइसेन्स वितरणमा क्षेत्र निर्धारण नभएका कारण यसको संख्या बढन गएको हो ।

लाइसेन्स लिनेहरुमा अधिकांश मधेश प्रदेश बाहिरका काठमाडौ र पोखरा लगायतका ठाउँको रहेको श्रोतको भनाई छ । श्रोतले भने काठमाडौ लगायतका ठाउँमा लाइसेन्समा कडाई भएका कारण मधेश प्रदेशका कार्यालयहरुको सहज तरिकाबाट पाउने भएकाले यहाँबाट लिने गरेको हो ।

मन्त्रालयका अनुसार पछिल्लो दुई आर्थिक वर्षमा प्रदेशमा ३ लाख ९ हजार ३०९ वटा विभिन्न वर्गका लाइसेन्स वितरण भएका छन् । आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ५४१ वटा लाइसेन्स वितरण भएकोमा २०८२/८३ मा मात्रै २ लाख ८० हजार ७६८ वटा वितरण भएको विवरणमा उल्लेख छ ।

डिजिटल रूपमा लाइसेन्स वितरणको अभिलेख राख्ने व्यवस्था आर्थिक वर्ष २०८१/८२ देखि सुरु भएको मन्त्रालयले जनाएको छ । यसअघि सवारी चालक अनुमतिपत्रसम्बन्धी डिजिटल अभिलेख केन्द्रीय यातायात कार्यालयबाट राखिँदै आएको थियो ।

**मधेशमा १८ लाखभन्दा बढी सवारी**

मन्त्रालयको विवरणअनुसार मधेश प्रदेशमा हालसम्म १८ लाख ८० हजार ८४ वटा सवारी साधन दर्ता भएका छन् । तीमध्ये सबैभन्दा ठूलो हिस्सा दुईपांग्रे सवारीको छ ।

प्रदेशमा १३ लाख २२ हजार ८११ वटा मोटरसाइकल दर्ता भएका छन् । मोटरसाइकलको दर्तामा पनि वीरगञ्ज अगाडि छ । वीरगञ्जमा १० लाख ७४ हजार ९४७, जनकपुरधाममा २ लाख २५ हजार ७५७ र लहानमा १० हजार ८०३ वटा मोटरसाइकल दर्ता भएको विवरणमा उल्लेख छ । बर्दिबासमा ४ हजार ९०६, राजविराजमा ५ हजार १०५, गौरमा ६१२, कलैयामा ३४१ र मलंगवामा ३४० वटा मोटरसाइकल दर्ता भएका छन् ।

त्यसैगरी प्रदेशभरि बस, मिनी बस, ट्रक, मिनी ट्रक, टिपरलगायत ठूला सवारी तथा मेसिनरी औजार १ लाख २७ हजार ४९५ वटा दर्ता भएका छन् । यस वर्गमा पनि वीरगञ्जमा सबैभन्दा बढी १ लाख १० हजार ८९३ वटा सवारी दर्ता भएका छन् ।

टेम्पो तथा अटोरिक्साको संख्या पनि प्रदेशमा उल्लेख्य छ । मन्त्रालयका अनुसार १ लाख ५६८ वटा टेम्पो तथा अटोरिक्सा दर्ता भएका छन् । कार, जीप, डेलिभरी भ्यान, माइक्रोबस र एम्बुलेन्सलगायत साना सवारी ७५ हजार ५४४ तथा ट्र्याक्टर र पावर ट्रिलर २ लाख ५३ हजार ६६६ वटा प्रदेशभरि दर्ता भएको मन्त्रालयले जनाएको छ ।

# बजेट अधिवेशन अन्त्य, हिउँदे चाँडै सञ्चालन

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशसभाको चालु बजेट अधिवेशन शुक्रबार राति १२ बजेदेखि अन्त्य भएको छ। मधेश प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले अधिवेशन अन्त्य गरेको हो ।




सरकारको सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेशसभाको सातौं अधिवेशन अन्त्य गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता सञ्जिप कुमार दुब्बेले विज्ञप्ति जारी गर्दै मन्त्रिपरिषद्को सिफारिसअनुसार प्रदेश प्रमुख कर्णले अधिवेशन अन्त्य गरेको जानकारी दिए ।

सातौं अधिवेशनमा प्रदेशसभाका जम्मा १७ वटा बैठक बसेका थिए । ती बैठकमा प्रदेशसभा कुल १७ घण्टा ५९ मिनेट मात्र सञ्चालन भएको प्रदेशसभा सचिवालयको विवरणमा उल्लेख छ ।

प्रदेशसभाको अधिवेशन अन्त्य भएसँगै चालु अधिवेशनमा अघि बढाइएका विधायिकी तथा अन्य संसदीयकामकारबाहीसमेततत्कालका लागि रोकिएका छन् । प्रदेशसभाको आगामी अधिवेशन कहिले आह्वान गर्ने भन्ने विषय भने प्रदेश सरकारको सिफारिस र संवैधानिक प्रक्रियाअनुसार तय हुनेछ ।

बजेट अधिवेशन अन्त्य भएपनि हिउँदे अधिवेशन कहिलेदेखि शुरु हुने बारे प्रदेश सरकारले कुनै निर्णय गरेको छैन । मुख्यमन्त्री कृष्ण प्रसाद यादवले अधिवेशन बारे जानकारी दिँदै भने 'आज बजेट अधिवेशन अर्थात सातौं अधिवेशन अन्त्य गरिएको छ । चाँडै नै हिउँदे अधिवेशनका लागि बैठक आह्वान गरिनेछ ।'

कहिलेदेखि हिउँदे अधिवेशन सञ्चालन गरिने उनले हेरौं कहिलदेखि हुन्छ निश्चित छैन, तर चाँडै नै संचालन गर्ने तयारी गर्ने उनले बताए ।

सातौ अधिवेशनमा जम्मा १७ वटा बैठक बसेको छ। जसमा कुल १७ घण्टा ५९ मिनेट मात्र सभा सञ्चालन भएको हो ।

# आजदेखि गुठी अतिक्रमति जग्गा खाली गराइने




टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा गुठीको अतिक्रमित जग्गा भोलीदेखि खाली गराउने भएको छ । पहिलोचरणमा तोकिएका अतिक्रमित पोखरीको डिल खाली गराउन डोजर चलाइने गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाइने गुठी संस्थान जनकपुरधामका किशोर कुमार झाले जानकारी दिएका छून ।

उनका अनुसार गत साउन १ गते नै अतिक्रमित ठाउँ खाली गर्न सूचना जारी गरिसकिएको छ । शुक्रवार अतिक्रमित जग्गा आफै खाली गरिदिन माइकिङ गरिएको छ । भोलीसम्म खाली नभएको अवस्थामा डोजर चलाइनेछ ।

पहिलो चरणमा अतिक्रमित भनेर पहिचान गरिएका ५० वटा मध्ये ७ वटा पोखरी अतिक्रमण मुक्त गराइने उनले बताए । पहिलो चरणमा पोखरी, मन्दिर परिसर र तेस्रो चरणमा अन्य अतिक्रमण मुक्त गराउने कार्ययोजनासहित गरी वर्गीकरण गरिएको समितिका सदस्य सचिव जनक पोखरेलले जानकारी दिएका छन् । शनिवारदेखि गिरनारी कुट्टी नजिक रहेका गोरधोइ पोखरीको अतिक्रमित डिल खाली गराउन डोजर चलाइनेछ ।

**मानसिक स्वास्थ्यमा ध्यान दिऔं**

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवारसाथीभाइरसमुदायमासहयोगीतथासकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यानतथासिर्जनात्मकगतिविधिमासहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीयसंवाद, आपसीसहयोगरसहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।

खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८